Jana Aakash
National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- २, २०८२ साल साउन १३ गते मंगलबार (JULY 29, 2025) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com




# एमसिसिको कार्यक्रम नेपालमा निरन्तर: बामपन्थिहरुलाई मशला

■ मोहन कार्की

काठमाडौं- अमेरिकी सहायता संस्था मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी)को अनुदानमा नेपालमा सञ्चालन हुने कार्यक्रमहरुले निरन्तरता पाउने भएका छन् । अर्थमन्त्रालयका अनुसार एमसिसीको यही साउन ८ गतेको पत्रअनुसार नेपालमा सञ्चालित एमसिसीका कार्यक्रमले निरन्तरता पाएका हुन् ।

"नेपाल सरकार र उक्त निकायबीच २०७४ साल भदौ २९ गते सम्पन्न कम्प्याक्ट सम्झौता गत माघ ७ गतेको अमेरिकी राष्ट्रपति डोलान्ड ट्रपको आदेशअनुसार पुनरावलोकनका लागि स्थगित भएको थियो", अर्थमन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "सो सम्बन्धमा यही साउन ८ गते कार्यक्रम पुनरावलोकन भएको र नेपाल कम्प्याक्टको निरन्तरताका लागि सिफारिस भएको पत्र प्राप्त भएको छ ।" यो अर्थ मन्त्रालयको भनाई हो । अर्थ मन्त्रालयको यो विज्ञप्ति आएसँगै नेपालका एकथरी बामपन्थिहरुलाई एमसिसि परियोजनाको विरोध गर्न मशला हुनेछ । यो भन्दा अगाडी पनि एमसिसिको विरोध गरेर समय कटाई रहेका बामपन्थि भन्न रुचाउने एकखालका मानिसहरुलाई विरोध गर्ने मशला मिलेको

» बाकी ६ पृष्ठमा

# उपसभामुख राना चीन भ्रमण सकेर स्वदेश फिर्ता



काठमाडौं- उपसभामुख इन्दिरा राना जनवादी गणतन्त्र चीनको ६ दिने औपचारिक भ्रमण सम्पन्न गरी हिजो राति स्वदेश फर्किएकी छन् ।

चीनको हेनान प्रान्तमा आयोजित कार्यक्रममा सहभागी भएर उपसभामुख राना आइतबार राति ११.३० बजे स्वदेश फर्किएकी हुन् । उपसभामुख राना साउन ७ गतेदेखि ११ गतेसम्म आयोजित साङ्घाई सहयोगमञ्च, मिडिया र 'थिङ्क ट्याङ' शिखर सम्मेलनमा सहभागी भएकी थिइन् ।

सो कार्यक्रममा उनले "विकासको लागि शान्तिपूर्ण र स्थिर वातावरणको सुरक्षामा नेपालको दृष्टिकोण" विषयमा सम्बोधन गरेकी थिइन् भने हेनान प्रान्तका अधिकारीहरूसँग भेटघाट गर्नुका साथै सोही प्रान्तमा अवस्थित झेङझोउ सहरलगायत विभिन्न स्थानको अवलोकन भ्रमणसमेत गरेकी थिइन् ।

# स्थानीय निकायमा कानूनी साक्षरता अनिवार्य हुनुपर्छ : अधिवक्ता विष्णु गिरी

काठमाडौं- स्थानीय निकायमा कानूनी साक्षरता अनिवार्य'कानूनी साक्षरता अभियानले अपराध न्यूनीकरणमा सहयोग पुग्छ अधिवक्ता बिष्णु गिरी ।

अधिवक्ता बिष्णु गिरीले देशैभरीका स्थानीय निकायमा कानूनी साक्षरता अभियान सञ्चालन गरिनुपर्ने जोड दिएका छन् नागरिक समाजले आयोजना गरेको अन्तरकृया कार्यक्रममा यस्तो बताएका हुन् ।

ललितपुर बार एसोसियसनका सदस्य समेत रहेका अधिवक्ता गिरीले कानूनका जान्नैपर्ने आधारभूत कुरा बुझाएर जनतालाई सूचित बनाउन यो अभियान आवश्यक रहेको बताए ।

» बाकी ६ पृष्ठमा

# मुख्यमन्त्री कँडेल बजेट कार्यान्वयनमा पारदर्शिता र जवाफदेहितामा जोड




काठमाडौं- कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले अघिल्लो आर्थिक वर्षमा देखिएका कमजोरी र चुनौतीबाट सिक्दै चालु आर्थिक वर्षको बजेट प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने बताएका छन् ।

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले शुक्रवार आयोजना गरेको वार्षिक समीक्षा तथा कार्ययोजना तर्जुमा गोष्ठीलाई सम्बोधन गर्दै मुख्यमन्त्री कँडेलले योजना केवल कागजमा सीमित नगर्न समेत निर्देशन दिए । उनले बजेट समयमै र परिणाममुखी ढंगले कार्यान्वयन गर्नु आवश्यक रहेको बताए ।

'हामीले विगतमा के कस्ता कमजोरी गरेका थियौं, त्यसको आधारमा आगामी बजेट कार्यान्वयनमा ध्यान दिनु पर्छ,' मुख्यमन्त्री कँडेलले भने, 'चालु आर्थिक वर्षको बजेट खर्च सुधारमा लाग्नुस् ।'

मुख्यमन्त्री कँडेलले बजेट निर्माणदेखि कार्यान्वयनसम्मको प्रत्येक चरणमा पारदर्शिता, जवाफदेहिता र समन्वय हुनुपर्नेमा समेत जोड दिए ।

मुख्यमन्त्री कँडेलले योजनाको कार्यान्वयनमा ढिलाइ, रकम खर्चको असन्तुलन, अनुगमनको कमजोरी र गुणस्तरहीन निर्माण कार्य जस्ता चुनौतीहरूको पुनरावृत्ति नहुने गरी काम गर्न सचिव र कार्यालय प्रमुखहरूलाई निर्देशन दिए ।

जनताको आवश्यकता बुझेर योजना बनाए मात्र जनताको जीवनमा प्रत्यक्ष प्रभाव पार्न सकिने मुख्यमन्त्री कँडेलको भनाइ थियो ।

संघीय, स्थानीय तह, मन्त्रालय, आयोजना कार्यान्वयन इकाइहरूबीचको समन्वय बलियो बनाउँदै अनुगमन प्रणालीलाई अझ प्रभावकारी बनाउने हो भने मात्र सरकारले गरेको विकासको जनताले अनुभूति गर्ने मुख्यमन्त्री कँडेलले बताए ।

# रातको १ बजे छाडेका थिए सिन्धुलीका हायू परिवारले थातथलो

काभ्रेपलाञ्चोक- सिन्धुलीको गोलन्जोर गाउँपालिका-६ छेत्पाबाट बेपत्ता भएर पोखरामा भेटिएका उर्मिला हायूका परिवारले मध्यरातमा घर छाडेर हिँडेको पाइएको छ ।

एकै परिवारका १६ जना परिवारका सदस्य बेपत्ता भएपछि दिनभर स्थानीय जनप्रतिनिधिदेखि प्रहरी प्रशासनसम्म खोजी कार्यमा लागेको थियो ।

अन्ततः उनीहरू पोखरा महानगरपालिका-३० स्थित गगनगौंडामा भेटिएका हुन् ।

जिल्ला प्रहरी कार्यालय सिन्धुलीका अनुसार, उक्त परिवारले गत साउन १० गते राति १ बजे आफ्नो थातथलो छाडेका थिए ।

मधेश प्रदेश ०४-००१ ज ००८१ नम्बरको ईभी भ्यानमा खनियाँखर्क-सिन्धुली-हेटौंडा-मुग्लिन हुँदै पोखरा पुगेको जिल्ला प्रहरी प्रमुख लालध्वज सुवेदीले जानकारी दिए ।



'ईभी चालक जीवनसँगको कुराकानीको अधारमा रातको १ बजे घरबाट निस्केको देखियो, अझै किन निस्के, किन घर छाडे भन्नेबारेमा प्रहरीले सोधपुछ गरेपछिमात्र थाहा हुन्छ,' सुवेदीले भने ।

ईभी चालक जीवनले पोखराको लेकसाईडमा रहेको जननी होटलमा लगेर छाडेका थिए । होटलबाट निस्किएका उनीहरू पोखराको गगनगौंडा भन्ने ठाउँमा पुगेका थिए ।

स्थानीय सोमनाथ पौडेल र चन्द्र भण्डारीको घरमा

» बाकी ६ पृष्ठमा



# नेपालमा दिन प्रतिदिन भ्रष्टाचार बढिरहेको छ : प्रचण्ड

काठमाडौं- पूर्व प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेपालमा दिन प्रतिदिन भ्रष्टाचार बढिरहेको बताएका छन् । भ्रष्टाचारको स्थिति दुनियाँमा तुलना गर्दा नेपाल क्रमश: भ्रष्टाचारी मुलुकभित्र अघि बढिरहेको उनको भनाइ छ ।

बिहीबार काठमाडौंमा राइजिङ नेपाल समिट २०२५ को अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले सत्य सापेक्ष हुने भन्दै जनतालाई भनेजस्तो किन सेवा सुविधा दिन सकिएन भनेर सोच्न जरुरी रहेको बताए । आम नागरिकमा ठुलो निराशा पैदा हुँदै गएको बताएका छन् ।

उनले त्यसको समीक्षा गर्ने जिम्मेवारी राजनीतिक दलहरूको भएको पनि बताए । उनले अब सजिलै जनतालाई सन्तुष्ट गर्ने स्थिति नरहेको चर्चा गर्दै संविधानको समीक्षा गरेर संशोधनतर्फ अघि बढ्नुपर्ने बताए ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष –१७, अंक– २,
२०८२ साल साउन १३ गते मंगलबार
29 JULY 2025, TUESDAY

...dfG5]s ;}h]klg sd{lno/ cfPsf]xbg . l ; hgf u/]dfq efUo, ?k ;Gb/ xG5 . dfjkg sfsl{

## सम्पादकीय

### भड्किदै गएको तीज पर्वलाई सुधार गरौ ।

नेपाली नारीहरूले परम्परागत सस्कृतिको रूपमा मनाउदै आएको हरितालिका तिज पछिल्लो समय आधुनिकताको नाममा भड्किदै जान थालेको छ । यस पर्वलाई परमपरागत रूपमा मौलिक सस्कृति तथा मानवताको लागि व्यवहारिक रूपमा मनाउदै आएको पर्व तीजलाई विशेष गरेर विहे गरेर गईसकेकी छोरीको हाल खाबर कस्तो छ । अरू वेला भन्दा यो पर्वमा चै जसरी पनि छोरी चेलीको हालखबर बुझ्ने, कुराकानी सुन्ने दिदीबहिनीहरूलाई निम्ता गर्ने र मिठो मसिनो खाना दिने चलन रहदै आएको छ । हरितालिकाको दिन व्रत बसेर शिवको आराधाना गर्ने अर्थात आ□नो पतिदेवको चिरायुको कामना गर्ने र नजिकैको खोला, धारा, पधेरामा गएर नुवाई धुवाई गरी मन्दिरमा पुजा गर्ने प्रचलन रहेको छ ।

यो पर्वमा हाशी, खुशी प्रफुल्लीत हुने मानिसहरूको व्यवहारमा देखिदै आएको छ । यसै समयलाई पारेर तीजको समयमा कलाकारहरूले बजारमा तीज गीत समेत रेकर्ड गराएर आम मानिसमा सन्देश छर्ने गरेका छन् । तर पछिल्लो समय तीजलाई मादक पदार्थ खाएर पार्टी प्यालेसमा विदेशी गीत बजाएर नेपाली सस्कृतिको बिपरित कार्य गरी तीज मनाउन थालिएको छ । त्यसैगरी तीज गीतको नाममा बजारमा रेकर्ड हुने तीज गीतहरू पनि नेपाली संस्कृतिसँग मेल नखाने खालका छन् ।

यसले नेपाली संस्कृतिमाथि ठूलो धक्का पर्न गएको छ । यस्ता गलत तरिकाले तीज मनाउदै जाने हो भने नेपाली संस्कृति भोलीका दिनमा लोप हुदै जान वेर छैन । यदि तीज नै मनाए पनि गलत तरिकाले मनाने चलन बस्न वेर छैन । त्यस कारण यस्ता भडकिला चलनलाई नेपाली दिदीबहिनीहरूले समयमा नै सोचेर नोपली सस्कृतिको जगेर्न गर्न नेपाली सस्कृति अनुसार नै तीज मनाउने र तीज गीत बजारमा ल्याउने कलाकारहरूले पनि तीजको महत्व बोकेका गीतहरू मात्रै रेकर्ड गराएर सन्देश दिने काम गरेमा नेपली सस्कृतिको संरक्षण हुन सक्छ ।

यो काम समाजमा देखिएका गलत चलनहरू स्वम नेपाली दिदीबहिनीहरूले नै सुधार गरे मात्र सुधार हुन्छ ।

# मनसुनजन्य विपद्को पूर्वतयारी



● नवराज पोखरेल

मनसुन शुरुवातसँगै वर्षाको मात्रा बढ्दै गएको छ । यो वर्षा औसतमा भनिएबमोजिम छैन । यो क्रम पछिल्ला वर्षहरुमा बढ्दै गएको तथ्यांकले देखाएको छ । नेपालको जलवायुको सामान्य ज्ञानले बताउँछ कि नेपालमा मनसुन जुन महिनाको १० तारिखदेखि शुरु भएर झन्डै ४ महिना रहने गर्दछ । तर अहिलेको मनसुन मेको ३० तारिखदेखि नै नेपाल छिरेको हो । बङ्गालको खाडी हुँदै पूर्वतर्फबाट आउने मनसुनको समयमा कुल वार्षिक वर्षाको ८० प्रतिशत पर्ने गर्दछ । यो समय नै खेती बाली लगाउने समय हो । जलवायुजन्य विपद्ले उल्लेख्य क्षति गर्ने समय पनि हो यो ।

**मनसुन अवस्था :**

यस वर्षको प्रि-मनसुन शुरु भएसँगै मनसुन भित्रिने अवस्थामा पुगेको छ । यस वर्षको मनसुनबाट मुलुकमा ४ लाख ५० हजार घरका २० लाख नागरिक प्रभावित हुने अनुमान गरिएको छ। मौसम विज्ञान विभागको पूर्वानुमानका आधारमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सबै विषयवस्तुको विश्लेषण गरी तयार पारेको प्रस्तावित मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ मा उक्त अनुमान गरिएको हो ।

प्रभावितमध्ये १० प्रतिशत मानिसलाई उद्धार र राहत गर्नुपर्ने अवस्था आउन सक्ने आँकलनसहितको कार्ययोजना निर्माण गरिएको प्राधिकरणले जनाएको छ ।अबको मनसुनमा २० लाख मानिस प्रभावित हुने आँकलन गर्दै देशका सबै प्रदेश प्रभावित हुने आँकलन पनि छ, त्यही अनुसारका तयारी गर्न क्षेत्रगतरूपमा जिम्मेवारी तोकेर सबै सरोकारवालालाई तम्तयार रहेर बस्न अनुरोध गर्नुपर्ने देखिन्छ । भनिएको छ, 'मौज्दात सामग्री के छ, कति थप आवश्यक पर्दछ भन्ने सबै विषय आँकलन गरेर कार्ययोजना तयार पारिएको छ ।'

यसरी हेर्दा यो वर्षाको मनसुनमा नेपाली पहाडी क्षेत्रमा औसतभन्दा धेरै वर्षा हुने देखिएको छ । वर्षाको मापन २४ घण्टामा १०० मिलिलिटरभन्दा धेरै वर्षा भएको खण्डमा हाम्रो भूगोल तथा भूगर्भ विपद्को कारक बन्न सक्छ । त्यसबाहेक जलवायु परिवर्तनको एउटा असरको रुपमा वर्षाको प्रकृति पनि हो । वर्षा हुने मौसममा अधिक वर्षा हुने तथा छोटो समयमा धेरै मात्रामा हुने वर्षा याने कि अतिवृष्टिको क्रम बढेको कुरा जल तथा मौसम विज्ञान विभागको तथ्यांकले बताउँछ । त्यसकारण पनि पछिल्लो समय हुँदै गरेको वर्षाको प्रकृतिले गर्दा यो वर्षाको मनसुनलाई अलिक सावधानीपूर्वक हेर्नुपर्ने देखिन्छ ।

अरु औसत मनसुनभन्दा अहिलेको मनसुनमा सावधानी अपनाउनुपर्ने कारणहरु छन् । मूलतः वर्षाको मात्रा अघिल्लो अथवा औसतभन्दा धेरै हुने भनी दक्षिण एसियाली मनसुन फोरम तथा जल तथा मौसम विज्ञान विभागको अनुमान छ । यो वर्षको मनसुनको समयमा औसतभन्दा बढी पानी पर्नुले नै विपद्को सम्भाव्यता बढाउने गर्दछ ।

**पूर्वतयारी :**

यसअन्तर्गत सम्भावित विपद्को कारण हुन सक्ने क्षतिलाई कम गर्न गरिएका पूर्वतयारीका कार्यहरु पर्दछन् । विपद् भइहालेको खण्डमा गर्न सकिने उद्धारको लागि पूर्वअभ्यास तथा आवश्यक पर्ने सामग्री तथा भौगोलिक अवस्था अनुरुप यातायातका साधानहरुको उपलब्धता तथा तिनीहरुको उचित अवस्थासहित तयारी अवस्थामा राखिरहनुपर्दछ । जोखिम सम्भावित स्थानहरुमा जल तथा मौसम विज्ञान विभागको समन्वयमा जलीय तथा मौसमी अवस्थाको विश्लेशण गरी पूर्वसूचना प्रणालीलाई चुस्त-दुरुस्त राख्नुपर्दछ । माथिल्लो तटीय क्षेत्रमा भएको जलीय अवस्थामा जोखिम देखिएको अवस्थामा तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने जनमानसलाई तुरुन्तातुरुन्ती खबर गरी उद्धार गर्न सक्ने गरी तयारी हुनुपर्दछ । त्यसबाहेक उद्धारको लागि एउटा छुट्टै अवधारणा लागू गर्न आवश्यक देखिन्छ ।

मनसुनसँग सम्बन्धित प्रमुख विपद्, पहिरो र डुबान हुने सम्भावना भएका क्षेत्रहरू पहिचान गर्नु पूर्वतयारीको पहिलो चरण हो । नेपाल सरकारका विभिन्न निकायहरू जस्तै- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विभाग, भूगर्भ विभाग आदिले पहिल्यै जोखिमयुक्त क्षेत्रहरूको अध्ययन गरिसकेका छन् । यी जानकारीलाई अद्यावधिक गर्दै प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रका उच्च जोखिमयुक्त बस्ती, विद्यालय, स्वास्थ्य चौकी, सडक र अन्य पूर्वाधार हरूको विवरण संकलन गर्नुपर्छ ।

डिजिटल नक्सा र भूउपग्रह चित्रहरूको सहायताले जोखिमको पूर्वमानचित्र तयारी गर्नु आगामी विपद् व्यवस्थापनमा सहयोगी हुन्छ । मनसुनको समयमा एकछिन्मा भारी वर्षा हुन सक्ने भएकाले प्रभावकारी पूर्वानुमान प्रणाली अपरिहार्य हुन्छ । मौसम विभागले दिने सूचना, जल सतहको अनुगमन र नदी प्रवाहको मूल्यांकन समयमै गर्न सक्नुपर्ने हुन्छ । यसका लागि प्रारम्भिक चेतावनी प्रणालीलाई सबै जोखिमयुक्त क्षेत्रमा विस्तार गर्नुपर्छ । स्थानीय जनतालाई मोबाइल सन्देश, रेडियो, टेलिभिजन र सामाजिक सञ्जालमार्फत ताजा मौसम जानकारी उपलब्ध गराउने संयन्त्र बलियो बनाउनुपर्छ । बहु-स्रोतबाट सूचना प्रवाह हुने व्यवस्था गर्दा जनताको विश्वास पनि बढ्नेछ ।

प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन समिति गठन गरिनुपर्छ, जसमा जनप्रतिनिधि, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, शिक्षकमात्र नभई स्थानीय समुदायका अगुवा, महिला, दलित र युवाको समेत प्रतिनिधित्व हुनु आवश्यक छ । यसले निर्णय प्रक्रियामा सहभागिता बढाउँछ र सबै वर्गलाई समेटेर विपद् प्रतिकार्य प्रभावकारी बनाउँछ । युवाहरूलाई स्वयंसेवकको रूपमा तालिम दिएर तैनाथ गर्न सकिन्छ । यसले सूचना प्रवाह, राहत वितरण, खोज-उद्धारमा महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

मनसुनको समयमा जोखिमयुक्त बस्तीहरूबाट सुरक्षित स्थानतर्फ सार्ने आवश्यकता पर्न सक्छ । त्यसैले प्रत्येक स्थानीय तहले सुरक्षित स्थानहरूको पहिचान गरी अस्थायी आवास (राहत शिविर), खानेपानी, शौचालय, औषधोपचार, विद्युत्, सञ्चार सुविधासहितको पूर्वाधार तयार गर्नु आवश्यक हुन्छ । पुराना विद्यालय भवनहरू, सार्वजनिक हलहरू वा खुला स्थलहरूलाई आपत्कालीन आश्रय स्थलको रूपमा उपयोग गर्न सकिन्छ । साथै तिनको पूर्वतयारी समयमै गर्नुपर्नेलगायत संकटको बेला यी संरचनाहरू अपुग हुन सक्छन् ।

मनसुनका समयमा आवागमन अवरुद्ध हुन सक्ने भएकाले बाढी वा पहिरोको उच्च जोखिम भएको क्षेत्रमा पहिले नै आवश्यक औषधि, खाद्यान्न, लुगाफाटो, शुद्ध खानेपानी, प्राथमिक उपचार सामग्री आदिको भण्डारण गरिनु आवश्यक हुन्छ । विशेष गरी गर्भवती, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिका लागि आवश्यक विशेष सामग्रीको व्यवस्था गर्नुपर्छ । सरकारी गोदामसहित स्थानीय सामुदायिक भण्डारण केन्द्रहरू निर्माण गर्न सकिन्छ । विपद् आइपरेपछि सबैभन्दा महत्वपूर्ण कुरा सूचनाको प्रवाह र समन्वय हो ।

जिल्ला विपद् व्यवस्थापन समिति, पालिका स्तरीय विपद् समिति, सुरक्षा निकाय, स्वास्थ्य संस्था, सञ्चारमाध्यमहरू र नागरिक समाजबीच समन्वय आवश्यक छ । यसका लागि स्पष्ट जिम्मेवारी तोकिएको कार्ययोजना बनाइनुपर्छ । कुनै निकायले काम दोहोरो नगरोस् वा कतै कामै नहुने हो कि भन्ने सुनिश्चितता प्रदान गर्न घटना आदेश प्रणाली लागू गर्न सकिन्छ । बाढी नियन्त्रणका लागि नदीकिनारमा बाँध, तटबन्ध, ग्याबिन पर्खाल आदिको निर्माण र मर्मत समयमै गरिनुपर्छ । सडक, पुल, विद्यालय, अस्पतालजस्ता पूर्वाधारहरूलाई प्राकृतिक प्रकोप सहन सक्ने गरी बनाइनुपर्छ । वर्षा-पानीको व्यवस्थापन, ढल प्रणालीको सफाइ, जथाभावी निर्माणको नियन्त्रण र हरियाली विस्तार (बायो-इन्जिनियरिङ) का उपायहरू समयमै गर्नु आवश्यक हुन्छ । यसले बाढी, पहिरोलगायतका विपद् न्यूनीकरणमा सहयोग पुऱ्याउँछ ।

मनसुनसँगै हुने विपद्को मूल जड पर्यावरणीय असन्तुलन र जलवायु परिवर्तन पनि हो । त्यसैले दीर्घकालीनरूपमा प्राकृतिक स्रोतहरूको संरक्षण, वनक्षेत्र विस्तार, जलसम्पदा व्यवस्थापन, माटो संरक्षण, कृषि प्रणालीको परिमार्जनलगायतका उपायहरू अनिवार्य छन् । जलवायु सापेक्ष स्थानीय योजनामार्फत समुदायमै वातावरणमैत्री अभ्यासहरूको प्रवर्द्धन गर्नु सान्दर्भिक हुन्छ ।

विपद्को बेला तत्काल प्रयोग गर्न सकिने आपत्कालीन कोष राख्नु आवश्यक छ । प्रत्येक स्थानीय तहमा आपत्कालीन राहत कोषको व्यवस्था गरिनुका साथै सरकारी निकायहरूले पूर्वस्वीकृत बजेट छुट्याउनुपर्छ । साथै किसान र गरिब परिवारका लागि बाली तथा पशु बिमा प्रणाली, घर र सम्पत्तिको विपद् बिमा प्रवर्द्धन गर्नु दीर्घकालीन सुरक्षा उपाय हो ।

**स्थानीय, प्रदेश र संघबीच समन्वय :**

विपद्सँगको अनुभव, भीड व्यवस्थापन तथा अन्य अनुभवले के बताउँछ भने, स्थानीय सरकार र सरोकारवालाहरु नै विपद् उद्धारको पहिलो उद्धारक हो । उद्धारको मूल मर्मलाई हेरेर विपद्सम्बन्धी सबै सरोकारवालाहरुले बुझ्नुपर्ने कुरा के हो भने, स्थानीय सरकारलाई उद्धारको प्राथमिक प्रविधि उपकरण र अन्य व्यवस्थापनका कुराहरूबाट सुविधा सम्पन्न बनाउनुपर्दछ । नेपालको पहाडी क्षेत्रमा धेरै सावधानी अपनाउनुपर्ने पहिरो हो भने समथर क्षेत्रमा चाहिँ बाढी तथा त्यसबाट हुन सक्ने प्रभाव र असरको उाद्धार एवं व्यवस्थापन हो ।

त्यसकारण यो पूर्वतयारीको पहिलो खाका स्थानीय सरकारबाट शुरु हुनुपर्दछ । स्थानीय सरकारले आफ्नो सम्पूर्ण क्षेत्रको जोखिम पहिचान गरी तत्-तत् स्थानमा हुन सक्ने सम्भावित खतरा, त्यसको क्षतिको आँकलन गर्दै सुरक्षित दस्ता, प्रविधि, उपकरण तथा दक्षता तत्काल उद्धारको लागि तयार गरेर राख्नुपर्दछ । स्थानीय सरकारले प्राथमिकरुपमा उद्धार गर्न सकेमा मात्रै पनि धेरै मानिसको जीवन र धनको क्षतिलाई रोक्न सकिनेछ । त्यसबाहेक अलिक जटिल र थप प्राविधिक सहयोगका लागि प्रदेश तथा संघसँग समन्वय आवश्यक छ । संघीयरुपमा रहेका मन्त्रालय विपद् व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग, अन्य सरोकारवाला निकायले आ-आफ्नो प्राविधिक पक्षबाट गृह मन्त्रालयअन्तर्गतका पुलिस, सैनिक, अन्य निकाय झनै चनाखो भएर रहनुपर्ने देखिन्छ । गृह मन्त्रालयको उद्धार हेर्ने निकायले आफ्नो तर्फबाट मनसुनको समयमा विपद् उद्धारको उपयोगी योजनासहित तयारी अवस्थामा रहनुपर्ने देखिन्छ ।

मूलतः विपद्भन्दा पूर्वको अवस्थामा, विपद्को समयमा तथा विपद्भन्दा पछाडि के कसरी तयारी गर्ने, उद्धारमा समन्वय गरी एउटा प्रणालीबाट परिचालन गर्ने हो भने पहिले नै कार्ययोजना बनाउनुपर्ने हुन्छ । पछिल्लो अनुभवले के पनि देखाएको छ भने, कतिपय विकासे आयोजनाहरु जहाँ धेरै कामदार काम गरिरहेका हुन्छन्, त्यस्ता स्थानमा पनि ठूलो क्षति एकैपटक हुने गरेको देखिएको छ । जलविद्युत् निर्माण, सडक तथा पुल निर्माणस्थलमा थुप्रै क्षति भएको तथ्यांक भेटिएको छ । त्यस्तो अवस्थामा मनसुनको समयमा कसरी व्यवस्थापन गर्न सकिन्छ ? तत् स्थानको पूर्वसूचना कसरी पाउन सकिन्छ र त्यसको जानकारी काम गरिरहेका कर्मचारीसम्म कसरी पुऱ्याउन सकिन्छ ? त्यसको कार्ययोजना हुनुपर्दछ ।

(लेखक पोखरेल वातावरणविद् हुनुहुन्छ ।)

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# के रश्मि भुजेलको गायिका बन्ने सपना पुरा होला त ?



काठमाडौं- बोलीमा मिठास आवाजमा एक प्रकारको जादु, हसिली स्वभाव भएकी रश्मि भुजेल बनेपाबाट आफ्नो गायकी प्रस्तुति देखाउन जन आकाश मिडियाको कार्यालय सम्म आइपुगेकी छिन् ।

उनै नव गायिका गीत रेकर्ड गर्न चाहन्छिन् तर गीत रेकर्ड गर्न परिवारको आर्थिक अवस्था एकदमै दयानिय रहेको छ । अहिले काठमाडौंमा सानो तिनो काम गर्दै गीत सङ्गीमा पनि पाइलाहरू चालिरहेकी छिन् । गीत रेकर्ड गर्ने अवसर खोज्दै विभिन्न मिडिया, सर्जक सम्मा पुगेको बताउँछिन् ।

तनहुँमा जन्मेकी रश्मि भुजेल सामान्य परिवारमा हुर्केकी चेली हुन् । सानैदेखि गायिका बन्छु भनेर सपना देखेकी रश्मि भुजेल गाउँघरमा मेलापात, उकाली, ओराली, घाँस, दाउरा गर्दा गीत गुनगुनाउने गर्थिन् । उनको आवाज सुनेर सबैले भविष्यमा गायिका बन्छेस् भनेर छरछिमेक, आफन्तहरूले उनलाई हौसला प्रधान गर्ने गर्थे ।

सानैदेखि गीत सङ्गीत क्षेत्रमा भविष्य देखेकी रश्मि भुजेल स्कुल, कलेजका कार्यक्रममा आफ्नो गायकी प्रस्तुति पस्किने गर्थिन, आफूले गाएको गीत सुनेर स्कुलका साथीभाइ र गुरुहरूले गीत सङ्गीतमा लाग्न सल्हा सुझाव दिने बत्ताउँछिन् ।

गीत सङ्गीतमा लाग्न घरपरिवारको समर्थन रहेको, परिवारले पनि गीत सङ्गीतलाई राम्रोसँग बुझेको तर गीत रेकर्ड गर्न परिवारको आर्थिक अवस्था निकै कमजोर रहेको रश्मि भुजेल बताउँछिन् ।

गीत गाउने र आफ्नो गीतमा आफै अभिनय गर्ने गाउनेसँगै अभिनयमा पनि उतिकै रहर भएकी रश्मि भुजेल गीत गाएर देशलाई चिनाउने सोच बोकेकी छिन् भने गायिका बन्न त्यति सजिलो नभएको घर, परिवार, साथीभाइ सबैको साथ सपोर्ट बिना केही गर्न नसक्ने बताउँछिन् ।

सकारात्मक सोच बोकेर गीत सङ्गीतमा लागेकी रश्मि भुजेल दर्शकको साथ सपोर्ट पाए छिटै गीत निकाल्ने जन आकाश मिडियासँग बताउँछिन् ।

स्कुल, कलेजका कार्यक्रममा आफ्नो गायकी प्रस्तुति पस्किने गर्थिन, आफूले गाएको गीत सुनेर स्कुलका साथीभाइ र गुरुहरूले गीत सङ्गीतमा लाग्न सल्हा सुझाव दिने बत्ताउँछिन् ।

गीत सङ्गीतमा लाग्न घरपरिवारको समर्थन रहेको, परिवारले पनि गीत सङ्गीतलाई राम्रोसँग बुझेको तर गीत रेकर्ड गर्न परिवारको आर्थिक अवस्था निकै कमजोर रहेको रश्मि भुजेल बताउँछिन् ।

गीत गाउने र आफ्नो गीतमा आफै अभिनय गर्ने गाउनेसँगै अभिनयमा पनि उतिकै रहर भएकी रश्मि भुजेल गीत गाएर देशलाई चिनाउने सोच बोकेकी छिन् भने गायिका बन्न त्यति सजिलो नभएको घर, परिवार, साथीभाइ सबैको साथ सपोर्ट बिना केही गर्न नसक्ने बताउँछिन् ।

सकारात्मक सोच बोकेर गीत सङ्गीतमा लागेकी रश्मि भुजेल दर्शकको साथ सपोर्ट पाए छिटै गीत निकाल्ने जन आकाश मिडियासँग बताउँछिन्

## रामेछाप डायरी


# गोकुलगंगा-१ मा सामाजिक सुरक्षा भत्ता नविकरण अनिवाय

रामेछाप- गोकुलगंगा गाउँपालिका वडा नं.१ चुचुरेबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आएका लाभग्राहीहरुलाई भत्ता नविकरणका लागि अनिवार्य रूपमा बायोमेट्रिक (Fingerprint Scanner) Biometric Verification) प्रमाणीकरण मार्फत उपस्थित हुन वडा कार्यालयले अनुरोध गरेको छ ।

सामाजिक सुरक्षा नियमावली २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०८२ अनुसार आर्थिक वर्ष २०८२र८३ को लागि लाभग्राहीले स्वयम् उपस्थित भई भत्ता नविकरण गर्नु पर्ने प्रावधानअनुसार यो प्रक्रिया थालिएको हो ।

वडा कार्यालयले काठमाडौं, भक्तपुर र ललितपुरमा बसोबास गरिरहेका लाभग्राहीहरुलाई लक्षित गरी तोकिएको मिति र स्थानमा सेवा प्रवाह गर्ने जनाएको छ । यसका लागि लाभग्राही स्वयम् उपस्थित भई नविकरण गर्नु पर्नेछ ।

त्यस्तै, वडाभित्रै रहेका अशक्त, अपाङ्गता भएका, गम्भीर विरामी तथा हिँडडुल गर्न



गोकुलगंगा गाउँपालिका
१ नं.वडा कार्यालय

नसक्ने लाभग्राहीका लागि घरदैलो कार्यक्रम सञ्चालन गरिने पनि वडा कार्यालयले जनाएको छ ।

तोकिएको म्यादभित्र नविकरण नगरेमा लाभग्राहीको नाम प्रणालीबाट स्वतः हटाइनेछ । यस्तो अवस्थामा लाभग्राहीले सामाजिक सुरक्षा ऐन २०७५ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह पुनः आवेदन दिनुपर्नेछ ।

वडा कार्यालयले सम्पूर्ण लाभग्राहीहरुलाई तोकिएको म्यादभित्र सामाजिक सुरक्षा भत्ता नविकरण गर्न आग्रह गरेको छ ।

# रामेछापमा वडामै पुगेर राष्ट्रिय परिचय पत्र वितरण




काठमाडौं- जिल्ला प्रशासन कार्यालय रामेछापले बुधबारदेखि वडामै पुगेर राष्ट्रिय परिचय पत्र वितरण सुरु गरेको छ ।

पछिल्लो समय सरकारी सेवासहित विभिन्न प्रशासनिक सेवामा अनिवार्य बनाउँदै लगिएको राष्ट्रिय परिचय पत्रको अफलाइन फोटो खिच्न र बनेका डिजिटल कार्ड वडा तहमै पुगेर वितरण थालिएको रामेछापका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले जानकारी दिए ।

रामेछापको सुनापति गाउँपालिका(५ बाट सुरु भएको अभियान जिल्लाभर सञ्चालन हुनेछ । पालिकामा दुई हजार २०० कार्ड वितरण गरिने प्रमुख जिल्ला अधिकारी थापाको भनाइ छ ।'

नागरिकहरूलाई घरदैलो मै सेवा दिनु पर्छ भने वडा तहमा जाने निर्णय गरेको हुँ, वडा तहमा जाने राष्ट्रिय अभियान नभए पनि रामेछापमामात्र सुरु भएको हो एउटा वडामा कम्तीमा २२२ दिन बस्ने र नबनाएकाहरूको अफलाइन फोटो खिच्ने, बनेर आएका कार्ड वितरण गर्ने दुवै काम गर्छौं', प्रमुख जिल्ला अधिकारी थापाले भने ।

बुधबार जिल्लाको सबै भन्दा कम वडा रहेको सुनापति गाउँपालिका(५, भीरकोटको वडा कार्यालयमा प्रजिअ थापासहित गाउँपालिकाका अध्यक्ष ठुलो कान्छा तामाङ, उपाध्यक्ष गीता विष्ट, प्रमुख प्रशासकीय अधिकृत सुरेश श्रेष्ठ, ५ नम्बरका वडा अध्यक्ष चित्रबहादुर मानन्धर लगायतको उपस्थितिमा कार्ड वितरण गरिएको थियो ।

सुनापति गाउँपालिकामा १० दिनमा अभियान सकेपछि रामेछाप नगरपालिकामा अभियान सञ्चालन हुनेछ । जिल्ला प्रशासन कार्यालयमा १७ हजार डिजिटल कार्ड (राष्ट्रिय परिचय पत्र') बनेर आएको र ती कार्ड यो अभियानको क्रममा वितरण गरिने प्रशासनले जनाएको छ ।

# कर्णालीमा स्वास्थ्य सुधारका लागि सबै एकजुट हुनुपर्ने प्रदेश सभा सदस्य घनश्याम भण्डारीको आह्वान

**विनोद नेपाली**

काठमाडौं- कर्णाली प्रदेश सरकार अन्तर्गत सामाजिक विकास मन्त्रालयको समन्वयमा आयोजित "प्रदेश स्तरीय वार्षिक प्रगति समीक्षा तथा कार्ययोजना तर्जुमा गोष्ठी"मा सहभागी हुँदै प्रदेश सभा सदस्य घनश्याम भण्डारीले गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि चिकित्सक तथा स्वास्थ्यकर्मीहरू अझ जिम्मेवार बन्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ ।

उहाँले भन्नुभयो, "सानातिना कमीकमजोरीले सरकारप्रति नागरिकको धारणा नकारात्मक हुन सक्छ । त्यसैले ड्युटी समयलाई सेवाग्राही केन्द्रित बनाउनु आजको आवश्यकता हो ।"




कार्यक्रममा उहाँले स्वास्थ्य क्षेत्रका विगतका असल अभ्यासलाई निरन्तरता दिँदै मनोबल उच्च बनाएर नियमित कार्यहरू थप सुदृढ रूपमा अघि बढाउनुपर्नेमा जोड दिनुभयो । साथै आर्थिक वर्ष २०८१र८२ का लागि तय गरिएका नीति, कार्यक्रम, र विनियोजित बजेटलाई समयमा कार्यान्वयनमा ल्याउन सबै पक्षको साझा प्रतिबद्धता आवश्यक रहेको उल्लेख गर्नुभयो ।

"यदि हामी सबै मिलेर कसम खाएर अगाडि बढ्यौं भने मात्र सार्वजनिक स्वास्थ्य सुधारमार्फत नागरिकमा सन्तुष्टि जगाउन सक्छौं," उहाँले स्पष्ट पार्नुभयो ।

यस अवसरमा कर्णाली प्रदेशका विभिन्न स्वास्थ्य निर्देशनालय र मातहतका कार्यालयहरूले आर्थिक वर्ष २०८०र८१ मा सम्पन्न गरेका कार्यहरू प्रस्तुत गरिएका थिए, र नयाँ वर्षका लागि कार्ययोजना तय गरिँदैछ ।

# एनआरएनए टेक्सास च्याप्टरमा अध्यक्षमा ईश्वर ढकालको उम्मेदवारी

काठमाडौ- एनआरएनए (ल्च्ल्ब) एनसीसी अमेरिका अन्तर्गत टेक्सास च्याप्टरको आसन्न निर्वाचन नजिकिँदै जाँदा नेपाली समुदायमा चुनावी चहलपहल तीव्र बन्दै गएको छ। यसबीच, अध्यक्ष पदका उम्मेदवार ईश्वर ढकालको नामले उल्लेख्य चर्चा बटुल्न थालेको छ । पत्रकारिता, सामाजिक सेवा र नेतृत्वमा पहिल्यै सक्रिय भूमिका निर्वाह गरेका ढकालले आफू टेक्सासमा परिवर्तनको एजेन्डा लिएर मैदानमा उत्रिएको सम्बन्ध शुत्रहरुले बताएका छ




ढकाल पत्रकारिता संगै Lions Club या Irving Everest Centennial का सक्रिय सदस्यसमेत हुन् । समाजमा निरन्तर सक्रिय रहँदै आएका उनी अहिले एनआरएनए टेक्सास च्याप्टरको नेतृत्व सम्हाल्ने दृढ इक्षासहित उम्मेदवार बनेका छन् ।

ढकालको उम्मेदवारीले शक्तिसाली उम्मेदवारहरु समेत ढलपल भएका छन् । ढकाललाइ नजिकैबाट चिनेकाहरुले टेक्सासमा अध्यक्ष हुने ढकाल नै हुन भन्न थालिसकेका छन् ।

# दलित मुक्ति भाषणबाट होइन, आत्मचेतना र संगठनबाट सम्भव छ" भक्त रसाइली

काठमाडौं- नेपाल मानवता पार्टीका उपाध्यक्ष भक्त रसाइलीले दलित समुदायको वास्तविक मुक्ति बाह्य भाषण वा आश्वासनबाट होइन, समुदायभित्रको आत्मचेतना, संगठन र स्वतन्त्र निर्णय क्षमता विकासबाट मात्र सम्भव हुने स्पष्ट अभिव्यक्ति दिएका छन् ।

सामाजिक सञ्जालमार्फत हालै सार्वजनिक अभिव्यक्तिमा उनले भने, पटक-पटक धोका खाँदै पनि मेरो नेता, मेरो पार्टी भनेर सती जाने सोचले दलित समुदायलाई झनै कमजोर बनाएको छ । भोटको नाममा मासुभात बाँडेर दलित मतदातालाई ठग्ने नेताहरूले मुक्ति दिन्छन् भन्ने विश्वास अब पुरानो धोका हो ।

उपाध्यक्ष रसाइलीको भनाइमा गहिरो सन्देश छ दलित समुदायले यदि अझै पनि संगठित नहुने, स्वतन्त्र सोच्न नसक्ने र पुरानै दलाल नेतृत्वको पछि लाग्ने हो भने, जातीय विभेद हटाउने सपना कहिल्यै पूरा हुन सक्दैन ।

उनले थप भने, हामी आफैं विभाजित छौं, हामी आफैंले चुपचाप सहेर अन्यायलाई मौन समर्थन गरिरहेका छौं । जबसम्म हामी एउटै मोर्चामा उभिन सक्दैनौं, तबसम्म छुवाछूतको अन्त्य केवल नारामा सीमित हुनेछ ।

भक्त रसाइलीको यस भनाइलाई कतिपयले कठोर आलोचना ठाने पनि, धेरैले यसलाई यथार्थमा आधारित 'आत्मसमीक्षा' को रूपमा स्वागत गरेका छन्। उनका अनुसार समस्या बाहिर मात्र होइन, भित्र पनि छ।



तिमीहरूलाई हजारपल्ट मुखमा थुक्दा पनि कम छ,भन्ने उनको अभिव्यक्तिले समाजको पीडादायी सत्यतिर औंला तेर्स्याएको छ जहाँ समुदाय आफैं जागरुक नभएसम्म, शोषणको चक्र फेरि-फेरि दोहोरिन्छ ।

नेपाल मानवता पार्टीका उपाध्यक्ष रसाइली विगत दुई दशकदेखि सामाजिक न्याय, समानता र दलित मुक्ति आन्दोलनमा क्रियाशील छन् ।

दलित समुदायको मुक्ति बहस र आक्रोशमा होइन, आत्मचिन्तन र संगठनमा छ । रसाइलीले उठाएको आवाज केवल आलोचना होइन, चेतावनी पनि हो यदि अब पनि परिवर्तनका लागि आफैं अग्रसर नभइने हो भने, मुक्ति सधैं सपना मात्र रहिरहनेछ । नेपाल मानवताबादी पार्टीका उपाध्यक्ष्य भक्त रसाईली ।

# ज्योति विकास बैंक लिमिटेडको १७औं वार्षिकोत्सव समारोह सम्पन्न

काठमाडौं- ज्योति विकास बैंकले स्थापनाको १७औं वार्षिकोत्सव सम्पन्न गरेको छ । सहज पहुँच भएको बृहत वित्तीय सेवा तथा सूचना प्रवाहमार्फत समस्त नागरिकहरूको जीवनमा सार्थक र साश्वत समृद्धि ल्याउने मूल उद्धेश्यका साथ वि.सं.२०६५ सालको श्रावण ०९ गते स्थापना भएको ज्योति विकास बैंकले मिति २०८२ सालको श्रावण ०९ गते, शुक्रबार, गौरवमय १७ वर्षको सफल यात्रा पुरा गरि १८औं वर्षमा प्रवेश गरेको छ । प्रधान कार्यालयको प्रांगणमा आयोजित वार्षिकोत्सव समारोहको सभापतित्व बैंकका अध्यक्ष हरि चन्द्र खड्काले गर्नुभएको थियो ।




उक्त समारोहमा बैंकका सञ्चालक समितिका सदस्यहरु, भूतपूर्व अध्यक्ष, भूतपूर्व सञ्चालकहरु र कर्मचारीवर्गको उपस्थिति रहेको थियो । बैंकका अध्यक्ष हरि चन्द्र खड्काले पानसमा दीप प्रज्वलन गरि औपचारिक रूपमा कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो ।

बैंकले वार्षिकोत्सवको दिन २४७ उपलब्ध एआई च्याटबट "ज्योति" सार्वजनिक गरेको छ, जसले सरल इन्टरफेस र भाषिक विकल्पमार्फत ग्राहकहरुलाई बैंकिङ्ग जानकारीमा सहज पहुँच र तुरुन्तै जानकारी प्राप्त गर्ने सुविधा प्रदान गर्नेछ । यसले बैंकको डिजिटल ग्राहक सेवा थप सशक्त बनाउने विश्वास लिइएको छ । त्यस्तै, बैंकले क्षलतभचदबलप त्र्भाभिच त्तच सेवा सुरू गरेको छ । यस सेवामार्फत खाता नभएका व्यक्तिहरुले पनि आफ्नो बैंकको मोबाइल बैंकिङ्ग एप वा खल्ति वालेट प्रयोग गरी ज्योति विकास बैंकका शाखाबाट सहज रूपमा नगद झिक्न सक्नेछन्, जुन सेवा विशेषगरी ब्ट वा सम्बन्धित शाखा पायक नपर्ने अवस्थाहरूमा निकै उपयोगी हुनेछ ।

वार्षिकोत्सवको अवसरमा, बैंकले "हाम्रो विकास प्रवर्द्धन कोष" मार्फत विविध गौरवपूर्ण सामाजिक उत्तरदायित्वका कार्यक्रमहरूको घोषणा तथा सम्झौता गरेको छ । तिलगंगा इन्स्टिच्युट अफ अफ थ्याल्मोलोजीसँगको सहकार्यमा सप्तरीको कञ्चनरुपमा आँखा जाँच तथा मोतिविन्दुको निःशुल्क शल्यक्रिया सञ्चालन हुनेछ । राष्ट्रिय आविष्कार केन्द्रसँगको साझेदारीमा १० वटा न्यानो नानी बेबी वार्मर उपकरण दुर्गम क्षेत्रका स्वास्थ्य संस्थामा जडान गरिनेछ । यस्तै, ई (नेबल नेपालसँग मिलेर १७ जना शारीरिक तवरले फरक बालबालिकालाई घम् प्रविधिबाट निर्मित कृत्रिम हात प्रदान गरिनेछ । साथै, हरियाली प्रवर्द्धनका लागि लुम्बिनी वर्ल्ड पिस फोरमसँग सहकार्यमा सातै प्रदेशमा १,७०० वृक्षारोपण गरिने घोषणा गरिएको छ ।

वार्षिकोत्सवको अवसरमा बैंकले "व्थयतष्'क न्यत त्वभिलत" को दोस्रो संस्करण आयोजना गर्दै कर्मचारी तथा उनीहरूका बालबालिकाको प्रतिभालाई प्रोत्साहन गरेको थियो । विविध सिर्जनात्मक तथा कलात्मक प्रस्तुतिमार्फत सम्पन्न प्रतियोगिताका उत्कृष्ट सहभागीहरूलाई बैंकका अध्यक्ष हरि चन्द्र खड्का र प्रमुख कार्यकारी अधिकृत कपिल ढकालले ट्रफी तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो । सहभागी सबैलाई प्रशंसा पत्रद्वारा सम्मान गरिएको थियो । यसै अवसरमा बैंकले आफ्नो ऋयचउयचबतभ ब्लतजझ पनि सार्वजनिक गरेको छ । बैंकको मूल उदेश्य, ध्येय र मान्यताको दर्पणको रुपमा सिर्जनात्मक र रचनात्मक ढङ्गले सम्पूर्ण सरोकारवालाहरुलाई सन्देश दिने हेतुले उक्त ऋयचउयचबतभ ब्लतजझ सिर्जना गरिएको हो । उक्त एन्थमले बैंकको पहिचान, मूल्य मान्यता, ध्येय र दूर दृष्टिलाई संगीतमार्फत जीवन्त रूपमा प्रस्तुत गर्दै कर्मचारी, ग्राहक तथा साझेदारहरूसँगको सम्बन्धलाई अझ सशक्त बनाउने विश्वास लिइएको छ ।

वार्षिकोत्सवको अवसरमा बैंकले केन्द्रीय कार्यालय परिसरमा रक्तदान कार्यक्रम समेत आयोजना गरेको छ, जसमा करिब ५५ जना कर्मचारी, ग्राहक र अन्य सर्वसाधारणले रक्तदान गरेका छन् । साथै बैंकले वार्षिकोत्सवको अवसरमै निशुल्क स्वास्थ्य तथा आँखा जाँच शिविर पनि आयोजना गरेको छ जसमा बैंकका कर्माचारीहरुको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रममा बैंकको अभ्युदय र प्रगतिको लागि समर्पित अविछिन्न योगदान, अटुट विश्वास, र तिलस्मी सेवाको कदर स्वरूप विगत १० वर्ष तथा १५ वर्षदेखि अनवरत रूपमा कार्यरत रही योगदान दिएका कर्मचारीहरूलाई सम्मानित गरिएको छ ।

कार्यक्रममा अध्यक्ष हरि चन्द्र खड्काले मन्तव्य व्यक्त गर्दै, बैंकको १७ वर्षको सफल यात्रामा साथ दिने ग्राहक, शेयरधनी, नियामक निकाय, कर्मचारी तथा शुभेच्छुकप्रति आभार व्यक्त गर्नुभयो । आगामी दिनहरूमा पनि यस्तै साथ र समर्थनको अपेक्षा गर्दै, उहाँले बैंक सामाजिक समृद्धि र कर्मचारी विकासमा निरन्तर क्रियाशील रहेको उल्लेख गर्नुभयो ।

त्यसैगरी, समारोहलाई सम्बोधन गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत कपिल ढकालले बैंक स्थापनाको परिकल्पना गर्ने संस्थापक सञ्चालकहरू, पूर्व अध्यक्षहरु, कर्मचारी, शेयरधनी र ग्राहक वर्गहरुलाई आभार व्यक्त गर्नुभयो । प्रमुख कार्यकारी अधिकृत ढकालले बैंकका विभिन्न कार्यक्रम उपलब्धि र संस्थागत सामाजिक उत्तरदायित्वमा प्रकाश पार्दै बैंकले बोकेको उद्देश्य र ध्येय प्राप्तिमा थप सशक्त हुने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

बैंकले गरेको सामाजिक उत्तरदायित्व सहकार्यबारे बोल्दै तिलगंगा इन्स्टिच्युट अफ अफथ्याल्मोलोजीकी कार्यकारी प्रमुख डा. रीता गुरुङले बैंकले कठिन समयदेखि साथ दिएको स्मरण गर्दै आभार व्यक्त गरिन र कञ्चनरुपका नागरिकलाई दृष्टिको उपहारले प्रदान गर्दै आत्मनिर्भर र सम्मानपूर्ण जीवन जिउनमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । साथै राष्ट्रिय आविष्कार केन्द्रका महाप्रबन्धक संजय झाले 'न्यानो नानी' परियोजनामा निरन्तर साथ दिएकोमा ज्योति विकास बैंकलाई धन्यवाद दिंदै, नेपाली इन्जिनियर हरूले विकास गरेको जीवनरक्षक उपकरणलाई दूरदराजका क्षेत्रसम्म पुयाउने यो प्रयासले नवजात शिशुहरूको जीवनरक्षा मात्र नभई, वैज्ञानिक समाधानमार्फत समाज परिवर्तन गर्न सकिने सम्भावनाको स्पष्ट उदाहरण भएको धारणा व्यक्त गरे । त्यसैगरी ई(नेबल नेपालका अध्यक्ष सुरेन्द्र श्रेष्ठले ज्योति विकास बैंकसँगको सहकार्यलाई स्वागत गर्दै, घम् प्रविधिबाट निर्मित कृत्रिम हातले बालबालिकाहरूको आत्मबल बढाउने र उनीहरूलाई स्वतन्त्र तथा सम्मानजनक जीवन यापनतर्फ प्रेरित गर्ने विश्वास व्यक्त गरे । लुम्बिनी वर्ल्ड पिस फोरमका अध्यक्ष बसु गौतमले सातै प्रदेशमा वृक्षारोपण गर्ने बैंकको निर्णयको प्रशंसा गर्दै, यो पहलले वातावरणीय सन्तुलन कायम गर्न मात्र होइन, भावी पुस्ताका लागि हरियो र स्वस्थ नेपाल निर्माणमा टेवा पुग्ने विश्वास व्यक्त गरे ।

संस्थागत सुशासनलाई शिरोपर गर्दै, समाजप्रति उत्तरदायी यस विकास बैंकले नवीनतम चिन्तनका साथ समाजको अभ्युदय र दिगो परिवर्तनको संवाहक बन्दै समस्त नागरिकको जीवन जाज्वल्यमान बनाउने उद्देश्यलाई सदैव उच्च प्राथमिकतामा राख्ने कार्यलाई निरन्तरता प्रदान गर्ने र आगामी दिनहरू पनि परिवर्तनको ज्योति बन्ने अठोट प्रति प्रतिबद्धता व्यक्त गरेको छ ।

ज्योति विकास बैंकले उपत्यका र उपत्यकाबाहिर गरी हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आइरहेको छ ।

# नेशनल लाईफ इन्स्योरेन्सको 'लाईफ गाला कन्सर्ट' भैरहवामा भव्य रूपमा सम्पन्न

काठमाडौं- नेशनल लाईफ इन्स्योरेन्स प्रा. लि. ले २०८२ जेष्ठ महिनामा जारी गरेको मासिक योजना अनुरुप उत्कृष्ट कार्य गरी तोकिएको लक्ष्य पुरा गर्न सफल अभिकर्ताहरुको लागि भैरहवाको होटल सिद्धार्थ भिलासामा नेशने गाला कन्सर्ट भव्य रुपमा सम्पन्न ।

लाईफ गाला कन्सर्ट सम्पन्न गरेको छ । कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री सुरेश प्रसाद खत्रीज्यूले पानसमा दिप प्रज्वलन गरी समुद्घाटन गर्नुभएको सो कार्यक्रममा विभागिय प्रमुखहरु र विभिन्न शाखाका शाखा प्रमुखहरु गरी करिब ३५० जनाको उपस्थिती रहेको थियो ।

कार्यक्रममा आमन्त्रित अभिकर्ताहरुलाई स्ट्रेस म्यानेजमेण्ट सम्वन्धि प्रशिक्षण समेत प्रदान गरिएको थियो । प्रशिक्षणका क्रममा चर्चित प्रशिक्षक रामहरी पौडेलज्यूले तनाव व्यवस्थापन गर्ने विभिन्न आयामहरु प्रस्तुत गर्नु भएको थियो भने सो पश्चात् मनोरञ्जनात्मक एवं सांगितिक प्रस्तुतीले भरिपूर्ण गाला कन्सर्टमा स्ट्याण्ड अप

कमेडीयन सुमन कोईरालाको कमेडी प्रस्तुती सहित नेपालका चर्चित कलाकारहरु प्रकाश सपुत, समिक्षा अधिकारी बावुल गिरी र भोजपुरी गायक सोनु कुमार मण्डलको बेजोड सांगितिक प्रस्तुती रहेको थियो । यसै गरी चर्चित डि.जे. डिजे अमुको प्रस्तुतीमा अभिकर्ताहरुले भरपुर मनोरञ्जन लिएका थिए ।

भव्य रुपमा आयोजना गरिएको उक्त गाला




कन्सर्टमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत ज्यूले अभिकर्ताहरुको माग तथा चाहानालाई मध्येनजर गर्दै गत साल भव्य रुपमा सफल भएको गाला कर्न्सटलाइ निरन्तरता दिएको र यस योजनालाई देशै भरीका अभिकर्ताहरुको उत्साहजनक उपस्थितीले कार्यक्रम भव्य रुपमा सम्पन्न भएको पनि बताउनु भयो ।

# फ्रन्टलाईन हस्पीटल र प्रभु बैंकबीच विशेष छुट सम्झौता




काठमाडौं- महानगरपालिका, वाड नं १०, बानेश्वर स्थित फ्रन्टलाईन हस्पीटल र प्रभु बैंक लिमिटेड बीच बैंकका ग्राहक तथा कर्मचारीहरुलाई फ्रन्टलाईन हस्पीटलको सेवा सुविधामा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ ।

प्रभु बैकंका कर्मचारी र कर्मचारीका परिवारजन तथा ग्राहकहरुले १०% छुट पाउने भएका छन । सो छुट सेवासुविधा फ्रन्टलाईन हस्पीटल मा प्राप्त गर्न सकिनेछ । उक्त सम्झौतापत्रमा फ्रन्टलाईन हस्पीटलका तर्फबाट क्लिनिकल अध्यक्ष योगेश न्यौपाने र मेडिकल प्रशासक रोहन झा तथा प्रभु बैंक लि.का तर्फबाट चिफ मार्केटीङ अफिसर रमेश कुमार श्रेष्ठ र मार्केटीङ म्यानेजर दिना चित्रकार को संयुक्त हस्ताक्षर बिच सम्पन्न भयो ।

त्यसैगरी,ग्राहकहरुको रोजाईको अग्रणी बैंकको रुपमा रहेको तथा हालसालै "बैंक अफ द इयर २०२३" को उपाधिबाट सम्मानित प्रभु बैंकका नेपालभर ३१२ शाखा कार्यालयहरु, २८६ एटीएम साथै ६८एक्सटेन्सन काउन्टर मार्पत करिब ३१ लाख भन्दा बढि ग्राहकहरुलाई ' बिश्वास लिन्छौं, विश्वास दिन्छौं' भन्ने मुल नाराका साथमा बैंकिङ एवं वित्तीय सेवा प्रवाह गरिरहेको प्रभु बैंकले अत्याधुनिक प्रविधि मार्फत गुणस्तरीय सेवा प्रवाह गर्दै प्रतिस्पर्धी रुपमा अगाडि बढिरहेको छ ।

साथै प्रभु बैंक फिनाकल ईन्फोसिस ईनोभेसन गोल्ड-२०२४ अवार्डबाट पनि सम्मानित भएको छ ।

# आइएमई मोटर्सलाई अशोक लेल्यान्ड ग्लोबल कन्फ्रेन्स २०२५ मा'वेस्ट सर्भिस प्रोभाइडर अवार्ड' बाट सम्मान

काठमाडौं- आइएमई मोटर्सलाई अशोक लेल्यान्ड ग्लोबल कन्फ्रेन्स २०२५ मा इन्टरनेशनल अपरेसन क्याटेगोरी अन्तर्गत 'वेस्ट सर्भिस प्रोभाइडर अवार्ड' बाट सम्मानित गरिएको छ ।

आइएमई मोटर्स र अशोक लेल्यान्डले सफल साझेदारीको एक दशक पूरा गरिरहँदा प्राप्त यो सम्मानले दुई बिचको सहकार्यमा थप ऊर्जा भरेको छ ।

उक्त अवार्डले साझा दृष्टिकोण, पारस्परिक विकास, र उत्कृष्ट सेवा प्रवाहप्रतिको निरन्तर प्रयासले भरिएको आईएमई मोटर्सको दस वर्षे यात्रालाई अझ विशेष र अर्थपूर्ण बनाएको छ ।

यो पुरस्कारले ग्राहक सन्तुष्टि, प्राविधिक दक्षता, र अन्तर्राष्ट्रिय स्तरको सेवा मापदण्डमा आइएमई मोटर्सले पुराएको उत्कृष्ट योगदानलाई उच्च सम्मान प्रदान गरेको हो ।

आइएमई मोटर्सका सर्भिस प्रमुख मित्र कुमार श्रेष्ठले यो पुरस्कार हाम्रा प्रत्येक टेक्निसियन र सर्भिस टिम सदस्यहरूको निरन्तर समर्पणको प्रतिफल रहेको बताए । हामी भविष्यमा पनि उत्कृष्ट सेवा प्रदान गर्न निरन्तर प्रतिबद्ध रहने पनि सर्भिस प्रमुख श्रेष्ठले उल्लेख गरे ।

आइएमई मोटर्सका कार्यकारी निर्देशक निशान ढकालले यो अवार्डबाट सम्मानित हुदाँ आइएमई मोटर्सको उत्कृष्ट सेवा प्रदान गर्ने प्रतिबद्धतामा थप टेवा पुगेको बताएका छन् ।




हामीलाई निरन्तर सुधार र अन्तर्राष्ट्रिय मापदण्डअनुसार सेवा प्रवाह गर्न यो अवार्डले थप उत्साह थपेको कार्यकारी निर्देशक ढकालले उल्लेख गरे ।

अशोक लेल्यान्ड नेपालका सर्भिस म्यानेजर अनुप कुमार स्वाईनले अशोक लेल्यान्ड सँगको साझेदारीको १० वर्षको सफल यात्रा मनाउँदै गर्दा प्राप्त यो सम्मानले सहकार्यको मजबूत र उत्कृष्ट ग्राहक अनुभव प्रदान गर्ने साझा प्रतिबद्धतालाई झल्काएको बताए ।

अशोक लेल्यान्ड ग्लोबल कन्फ्रेन्स हरेक वर्ष आयोजना हुने एक अन्तर्राष्ट्रिय सम्मेलन हो, जसमा नवप्रवर्तन, सञ्चालन दक्षता, र समग्र योगदानको आधारमा विश्वभरका साझेदार हरूलाई सम्मान गरिन्छ ।

यो सम्मान आइएमई मोटर्सको मात्र नभई सम्पूर्ण नेपाली अटो क्षेत्रका लागि पनि गौरवको विषय हो ।

# ग्लोबल आइएमई बैंकका ग्राहकलाई अन्नपूर्ण न्यूरो अस्पतालमा १० प्रतिशत छुट

काठमाडौं- ग्लोबल इएमई बैंक लिमिटेडका ग्राहकले अन्नपूर्ण न्यूरो अस्पतालमा १० प्रतिशत छुट पाउने छन् । यस सम्बन्धी समझदारीमा बैंकका सहायक महाप्रबन्धक तथा चिफ मार्केटिङ्ग अफिसर दिलिप पोखरेल र अन्नपूर्ण न्यूरो अस्पतालका डेपुटी मेडिकल डाइरेक्टर डा. शरद हरी गजुर्यालले हस्ताक्षर गर्नुभएको छ ।

समझदारी अनुसार ग्लोबल आइएमई बैंकका डेबिट तथा क्रेडिट कार्डबाहक एवम् बैंकको मोबाइल बैंकिङ्ग 'ग्लोबल स्मार्ट प्लस' प्रयोगकर्ताहरुले अन्नपूर्ण न्यूरो अस्पतालको सेवाहरुमा १० प्रतिशत छुट पाउनेछन् । अन्नपूर्ण न्यूरो अस्पतालले उपलब्ध गराउने सेवाहरु हेल्थ प्याकेज, प्याथोलोजी, रेडियोलोजी, एम्बुलेन्स सेवा, बेड शुल्क, सर्जरी तथा अन्य विभिन्न सेवा शुल्कहरुमा ग्लोबल आइएमई बैंकका ग्राहकहरुले छुट पाउनेछन् ।

नशा रोगसम्बन्धी सेवाको लागि लोकप्रिय रहेको अन्नपूर्ण न्यूरो अस्पतालले अन्य विशेषज्ञ सेवाहरु समेत उपलब्ध गराउँदै आएको छ । आफ्ना ग्राहकहरुको सुविधालाई मध्यनजर गर्दै बैंकले विभिन्न किसिमका समय सान्दर्भिक योजनाहरु ल्याएर आफ्ना ग्राहकहरुलाई लावान्भित गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ र २०२५ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो । साथै ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिंदै आएको छ ।

बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

## खेलकुद

# विश्व बुदोकैदोमा नेपाली खेलाडीलाई १० पदक




काठमाडौं – नेपाली खेलाडीले विश्व बुदो मार्सल आर्ट्स च्याम्पियनसिपमा ८ स्वर्ण र २ रजत पदक जितेको छ ।

अजरबैजानको बाकुमा साउन ८ देखि १२ सम्म भएको प्रतियोगिताको महिला ४० केजीमा पूजा खड्का, महिला ५५ केजीमा बबिता कार्की र पुरुष ७० केजीमा रोचक भट्टराईले दोहोरो स्वर्ण जितेका थिए ।

टोलीका प्रशिक्षक तथा नेपाल बुदोकैदो फुल कन्ट्याक्ट संघका अध्यक्ष वीरकृष्ण महर्जन अनुसार पुरुष ७५ केजीमा सागर विष्ट र ८५ केजीमा सुदर्शन खतिवडाले १-१ स्वर्ण र रजत जितेका थिए ।

# दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी गर्न प्रधानमन्त्रीको निर्देशन

काठमाडौं – प्रधानमन्त्री केपी शर्मा ओलीले दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी मङ्सिरभित्र सम्पन्न गर्ने गरी चुस्त र प्रभावकारी तयारी गर्न युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्को नेतृत्वलाई निर्देशन दिएका छन् ।



प्रधानमन्त्री निवास, बालुवाटारमा भएको छलफलमा प्रधानमन्त्री ओलीले आगामी सन् २०२६ मा जापानमा हुने एसियन खेलको पूर्वसन्ध्यामा आयोजना हुन लागेको राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी तत्काल थाल्न निर्देशन दिएका हुन् । उनले प्रतियोगिताको मिति र स्थान गहिरो अध्ययनपछि मात्र निर्णय गर्न र निर्णय गरेपछि परिवर्तन नगर्न आग्रह गरे ।

परिषद्का संरक्षकसमेत रहेका प्रधानमन्त्री ओलीले मन्त्रालय र परिषद्को नेतृत्वबीच उचित समन्वय आवश्यक रहेकोमा जोड दिए ।

छलफलमा युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, मन्त्रालयका सचिव डा. हरिप्रसाद लम्साल, परिषद्का उपाध्यक्ष ध्रुव आचार्य र सदस्यसचिव टङ्कलाल घिसिङलगायत सहभागी थिए ।

# इन्जिनियरिङ परिषद्को रजिस्ट्रारमा ध्रुवराज भट्टराई नियुक्त

काठमाडौं- इन्जिनियरिङ परिषद्को रजिस्ट्रारमा ध्रुवराज भट्टराई नियुक्त भएका छन् । सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले भट्टराईलाई रजिस्ट्रार नियुक्त गर्ने निर्णय गरेको हो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जेठ २७ गते रजिष्ट्रार नियुक्तिका लागि दरखास्त आह्वान गरेको थियो ।

जसमध्ये ६ जना आवेदकको नाम संक्षिप्त सूचीमा परेको थियो ।

भट्टराईसहित कामेश्वर यादव, कुल भूषण शर्मा, ज्योत्सना श्रेष्ठ, रमेश ज्ञवाली र शिव मंगल गिरी थिए ।

ती मध्येबाट भट्टराईलाई नियुक्त गरिएको एक मन्त्रीले अनलाइनखबरलाई जानकारी दिए ।

भट्टराई तनहुँ निवासी हुन् ।

# आठ राजमार्ग पूर्ण अवरुद्ध, पाँच स्थानमा एकतर्फी सञ्चालन

**मुख्य राजमार्ग अवरोध (मिति: २०८२/०४/१२ गते १०:०० बजे सम्म)**

| क्र.सं. | जिल्ला | बिषय | मिति | स्थान | राजमार्ग | खुलेको/नखुलेको |
|---|---|---|---|---|---|---|
| | | | **काठमाडौं उपत्यका** | | | |
| १ | काठमाण्डौ | अबिरल बर्षा | २०८२।०३।३२ | का.जि.टोखा न.पा.२ | काठमाण्डौ-नुवाकोट सडकखण्ड | **एकतर्फी सुचारु** |
| | | | **कोशी प्रदेश** | | | |
| १ | संखुवासभा | अविरल वर्षा | २०८२।०२।०६ | भोटखोला गा.पा.४ बरुण | कोशी राजमार्ग | **पूर्ण रूपमा अवरोध** |
| | | | **बागमती प्रदेश** | | | |
| १ | रसुवा | बाढी | २०८२/०३/२४ | गोसाइकुण्ड गा.पा.२ | नेपाल र चिन नाका जोड्ने पुल | **पूर्ण रूपमा अवरोध** |
| २ | रसुवा | पहिरो | २०८२।०४।१२ | गोसाईकुण्ड गा.पा. वडा नं. २ | पासाङ ल्हामु सडक खण्ड | **पूर्ण रूपमा अवरोध** |
| ३ | सिन्धुपाल्चोक | पहिरो | २०८२।०४।१२ | भोटेकोशी गा.पा. २ कोदारी | अरनिको राजमार्ग | **पूर्ण रूपमा अवरोध** |
| ४ | नुवाकोट | पहिरो | २०८२।०४।१२ | शिबपुरी गा.पा.५ चालिसे स्थित | मध्य -पहाडी लोकमार्ग | **पूर्ण रूपमा अवरोध** |
| | | | **गण्डकी प्रदेश** | | | |
| १ | बागलुङ | पहिरो | २०८२।०४।०७ | बागलुङ न.पा.१० दब्ल्याङ | कालिगण्डकी करीडोर | **एकतर्फी सुचारु** |
| २ | नवलपरासी पूर्व | बाढी | २०८२।०४।०४ | गैडाकोट न.पा.-३ तरङखोला | कालिगण्डकी करीडोर | **एकतर्फी सुचारु** |
| ३ | मुस्ताङ | पहिरो | २०८२।०४।११ | थासाङ गा.पा.४ घोप्टेभिर | बेनि-जोमसोम सडक खण्डमा | **एकतर्फी सुचारु** |
| | | | **लुम्बिनी प्रदेश** | | | |
| १ | रोल्पा | पहिरो | २०८२।०३।२० | परिवर्तन गा.पा.५ ग्रामजिम र धामाचौर | सहिद राजमार्ग | **एकतर्फी सुचारु** |
| | | | **कर्णाली प्रदेश** | | | |
| १ | रुकुम पश्चिम | बाढी | २०८२।०३।०९ | आठबिसकोट न.पा.६ रिजिगार | जाजरकोट डोल्पा भेरी करिडोर सडक खण्ड | **पूर्ण रूपमा अवरोध** |
| २ | हुम्ला | पहिरो | २०८२।०३।०९ | सिमकोट गा.पा.६ शिव मन्दिर | कर्णाली करिडोर | **पूर्ण रूपमा अवरोध** |
| ३ | जाजरकोट | पहिरो | २०८२।०४।१२ | छेडागाड न.पा. ३ दंखेरी भिर गिट्टिखोला | मध्य पहाडी राजमार्ग | **पूर्ण रूपमा अवरोध** |

**नोट:** बाटो अवरोध सम्बन्धी सूचना हेर्नको लागि: https://www.nepalpolice.gov.np/notices/1141

काठमाडौं- मनसुन सक्रिय भएसँगै देशका विभिन्न स्थानमा आएको बाढी तथा पहिरोका कारण ८ वटा राजमार्ग पूर्ण रुपमा अवरूद्ध भएका छन् । यस्तै ५ वटा राजमार्गमा एकतर्फी मात्र सवारी सञ्चालनमा छन् ।

# एक्सओ क्लवमा छैठौं डिलाइट च्यारिटी कन्सर्ट-२०२५ सम्पन्न

काठमाडौं- हरेक वर्ष अनाथ दृष्टि बिहिन तथा अपांगता भएका बालबालिकाको सहयोगका लागि डिलाइट च्यारिटी कन्सर्ट २०२५ यस वर्ष पनि सम्पन्न भएको छ । डिलाईट हेरिटेज म्यूजिक र जुजुमामा चिल्ड्रेन एजुकेशन एण्ड केयर सेन्टरले संयुक्त रुपमा ठमेलस्थित एक्सओ क्लवमा छैठौं डिलाइट च्यारिटी कन्सर्ट सम्पन्न गरेको हो ।

कन्सर्टमा सहभागी बालबालिकाहरुले राष्ट्रिय गानबाट आफ्नो प्रस्तुती सुरुवात गरेका थिए । उक्त कन्सर्टमा डिलाइट म्यूजिक स्कूलका विद्यार्थीहरुले आफुले सिकेको सांगीतिक कला प्रस्तुत गरेका थिए । डिलाइट ब्याण्डका साथै त्रि-नेत्र फाउण्डेशन, सेन्टर फर डिजावेल्ड चिल्ड्रेन एशोसिएसन, बोदिचित्र डेभलपमेन्ट सोसाईटी, नग्री वेलफेयर सोसाईटी, ह्प्पी चिल्ड्रेल होम, बज्र अर्य फाउण्डेशन लगायतबाट सहभागी बालबालिकाले आफूले सिकेका कला च्यारिटी कन्सर्टमा प्रस्तुत गरेका थिए ।

च्यारिटी कन्सर्ट हेर्न आएका आम दर्शकलाई डिलाइट ब्याण्डका बालबालिकाले 'गुराँसै फुल्यो...', 'फुलको आँखामा...', 'मादल सेलो...' र 'रेशम फिरिरि...' लगायतका विभिन्न सांगीतिक प्रस्तुती दिई मनोरञ्जन दिलाएका थिए । यसका साथै त्रि-नेत्र फाउण्डेशनका बालबालिकाले 'हेर्दा राम्रो...' सेन्टर फर डिजावेल्ड चिल्ड्रेन एशोसिएसनका बालबालिकाले ' कश्मिरे पछ्यौरी...' बोदिचित्र डेभलपमेन्ट सोसाईटीका बालबालिकाले 'फुरफुरी...' बोलको सांगीतिक प्रस्तुती दिएका थिए ।

त्यस्तै नग्री वेलफेयर सोसाईटीका बालबालिकाले 'सधै सधै...' बोलको सांगीतिक प्रस्तुत गरेका थिए भने ह्प्पी चिल्ड्रेल होमका बालबालिकाले 'लेकाली...', 'कलिलो तामालाई...' रिमेक्स भर्सनको सांगीतिक प्रस्तुती दिएका थिए । त्यस्तै बज्र अर्य फाउण्डेशनका बालबालिकाले 'बाँझो खेतमा...' सांगीतिक प्रस्तुत गरेर च्यारिटी कन्सर्ट हेर्न आएका आम दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए । त्यसैगरी विभिन्न संस्थामा आवद्ध रहि आएका बालबालिकालाई संगीत सिकाईरहेका शिक्षकहरुले संयुक्त रुपमा 'तिम्रो नै माया लाग्दछ...', 'सालको पात...', बोलको गीतमा प्रस्तुती दिएका थिए ।

शिक्षाको अभाव झेलेका दुर्गमका दृष्टिविहिन



बालबालिकाहरुलाई सांगीतिक अभ्यास गराउँदै आएको जुजुमामा चिल्ड्रेन एजुकेशन एण्ड केयर सेन्टरले विगत पाँच वर्षदेखि नेपालमा रहेको टिपिकल बाद्यावादन अन्तर्गत मादल, तवला, गिटार, सारङ्गी, हार्मोनियम, पीएनो, जाइलोफोन लगायतका सिप सिकाउदै आएको छ । ब्रम्हकुमारी मार्ग, ज्याठा, ठमेल काठमाडौमा रहेको डिलाईट म्यूजिक स्कुलले पीएनो, सारङ्गी, सेक्सोफोन, गीटार, मादल, बाँसुरी, वेस्टन फ्लुट लगायतका विभिन्न बद्यबादनहरु सिकाउँदै आईरहको छ ।

ताइवानी नागरिक जेवेल चिएङले स्थापना गरेको जुजुमामा चिल्ड्रेन एजुकेशन एण्ड केयर सेन्टरबाटै उक्त सांगीतिक कक्षाहरु सञ्चालन हुँदै आएको छ । उक्त केयर सेन्टरका फाउण्डर समेत रहेकी चिएङकै सम्पूर्ण सहयोगमा विभिन्न जिल्लामा रहेका असाहय दृष्टिबिहीन बालबालिकाहरुले बाद्यबादन सम्बन्धी सबै खाले सिप सिक्दै आएको डिलाइट एक्सप्लोरिङ हेरिटेज म्युजिकका कार्यकारी अधिकृत राजेश गुरुङले अखबारनेपाल डटकमलाई जानकारी गराए । गुरुङले देशभर विभिन्न ठाउँबाट आएका दृष्टिविहीन बालबालिकाहरुलाई विगत तीन वर्षदेखि संगीत तथा बाद्यवादन सिकाउनका लागि आवश्यक खर्चको व्यवस्था ताइवानी नागरिक जेवेल चिएङले गर्दै आएको बताए । सांगीतिक कार्यक्रममा भाग लिंदा उनीहरुले आर्थिक सहयोग, सम्मान तथा पुरस्कार समेत पाउने गरेको गुरुङले बताए । सो कक्षा सञ्चालनका लागि शिक्षकको व्यवस्था ताइवानी नागरिक चिएङले व्यवस्था गरेका छन् भने उनले नेपालमा विभिन्न सामाजिक कार्य गर्दै आएका छन् ।

# प्रधानमन्त्री ओली साउन १८ गते तुर्कमेनिस्तान जाने, भ्रमण स्वीकृत

काठमाडौं- प्रधानमन्त्री केपी शर्मा ओली मध्य एसियाली मुलुक तुर्कमेनिस्तानको भ्रमणमा जाने भएका छन् ।

सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले उनको भ्रमण स्वीकृत गरेको एक मन्त्रीले अनलाइनखबरलाई जानकारी दिए ।

मन्त्रिपरिषद् स्रोतका अनुसार यही साउन १८ गते २३ गतेसम्मका लागि भ्रमण स्वीकृत गरेको हो ।

भूपरिवेष्ठित विकासशील राष्ट्रहरूको तेस्रो सम्मेलन (एलएलडीसी थ्री) साउन तेस्रो साता तुर्कमेनिस्तानको अभाजामा हुँदैछ ।

उनी सोही सम्मेलनमा सहभागी हुन त्यसतर्फ जान लागेका हुन् ।



जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१७, अंक- २,
२०८२ साल साउन १३ गते मंगलबार
29 JULY 2025, TUESDAY

# दुल्लु नगरपालिका र सोसेक नेपालको सहकार्यमा १३८ जना जोखिममा रहेका बालबालिकालाई शैक्षिक सामग्री वितरण




काठमाडौं- दुल्लू नगरपालिका र सोसेक नेपालको संयुक्त सहकार्यमा सञ्चालित वालिका सशक्तिकरण कार्यक्रम, हातेमालो परियोजना, तथा स्कुल एट होम कार्यक्रममार्फत दुल्लू नगरपालिकाभित्रका विभिन्न वडामा रहेका १३८ जना जोखिममा परेका बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिएको छ ।

बालबालिकाको शैक्षिक पहुँच सुनिश्चित गर्दै उनीहरूलाई आत्मविश्वासी र सक्षम बनाउने उद्देश्यका साथ २०८२ साल साउन १ गते मा सामग्री वितरण कार्यक्रम सम्पन्न गरिएको हो ।

कार्यक्रममा सहभागी प्रत्येक बालबालिकालाई एक थान झोला, दुई थान सर्ट, एक थान पाइन्ट, एक दर्जन कापी र एक दर्जन कलम वितरण गरिएको दुल्लु

नगरपालिकाका नगरप्रमुख भरत प्रसाद रिजालले जानकारी दिनुभयो ।

कार्यक्रममा दुल्लू नगरपालिकाका नगरप्रमुख भरत प्रसाद रिजालको विशेष उपस्थितिमा सामग्री हस्तान्तरण गरिएको थियो । उनले बालबालिकाको शिक्षामा आएको पहुँच वृद्धि सकारात्मक संकेत भएको भन्दै यस्ता कार्यक्रमले सामाजिक रूपान्तरणमा महत्वपूर्ण भूमिका खेल्ने बताए ।

# १० वर्षअघि 'तुइनमुक्त' देशको सपना, आज पनि कर्णालीका नागरिक जोखिममा

काठमाडौं- २०७२ सालमा तत्कालीन प्रधानमन्त्री (हाल पनि) केपी शर्मा ओलीले दुई वर्षभित्र देशलाई तुइनमुक्त बनाउने महत्वाकांक्षी घोषणा गरेका थिए । तर त्यसयता १० वर्ष बितिसक्यो, आज पनि कर्णालीका नागरिकहरु ज्यानको बाजी लगाएर तुइनको जोखिमपूर्ण यात्रा गर्न बाध्य भइरहेकै छन् ।



गत असार ३१ गते तुइन चुँडिंदा महाकाली नदीमा खसेर एक जना बेपत्ता भए । विगतको यही असफल घोषणाको नक्कल गर्दै कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले पनि यसै आर्थिक वर्षभित्र 'तुइनमुक्त कर्णाली' बनाउने घोषणा गरेका छन् । प्रदेश सरकारको आर्थिक वर्ष २०८२ र ८३ को नीति तथा कार्यक्रममा यो विषयलाई निकै प्रमुखताका साथ राखिएको छ ।

'पर्यटकीय महत्त्व भएका स्थान र दूरी घटाउन झोलुङ्गे पुल निर्माण गर्नुका साथै आधा घण्टाको हिँडाइ र फेरोभित्र पहुँच पुऱ्याउन झोलुङ्गे पुल निर्माण गरी यसै आर्थिक वर्षभित्र कर्णालीबाट पूर्ण रूपमा तुइन विस्थापन गरिनेछ,' नीति तथा कार्यक्रममा भनिएको छ ।

तर यो महत्वाकांक्षी घोषणा र यसको कार्यान्वयनका लागि छुट्याइएको बजेटबीच ठूलो खाडल देखिन्छ । मन्त्रालयमा अहिलेसम्म संकलित तुइनको संख्या र विनियोजित रकम हेर्दा 'तुइनमुक्त कर्णाली'को सपना यही वर्ष पूरा हुनु लगभग असम्भव छ ।

कर्णाली प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका अनुसार यो महत्वाकांक्षी अभियानका लागि चालु आर्थिक वर्षमा जम्मा १ करोड ५० लाख रुपैयाँ मात्रै बजेट विनियोजन गरिएको छ । यो रकमले कर्णालीजस्तो ठूलो नदीको कुनै एक स्थानमा रहेको तुइन विस्थापन गर्न पनि पुग्दैन ।

मन्त्रालयका उपसचिव चेतनकुमार तिमिल्सेना पनि सबै ठाउँमा झोलुङ्गे पुल बन्ने सम्भावना देख्दैनन् । 'यो बजेटले सबै ठाउँमा झोलुङ्गे पुल बनाउन सम्भव नै छैन,' उनले रातोपाटीसँग भने, 'त्यसैले हामी तत्कालका लागि प्राथमिकताका आधारमा काम गर्ने योजनाका साथ अगाडि बढेका छौँ ।' उनका अनुसार क्रमश: 'डल्लो बजेट'बाट रकमान्तर गरेर वा संघीय सरकारको सहयोग मागेर कामलाई अघि बढाउने कि भन्ने विषयमा छलफल भइरहेको छ ।

अहिलेसम्म ५२ वटा तुइनको रेकर्ड कर्णालीमा

प्रदेश सरकार 'तुइनमुक्त' नीति कार्यान्वयन गर्न नयाँ आर्थिक वर्ष सुरु नहुँदैदेखि जुटेको देखिन्छ । जेठ २६ गते नै भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले एक सार्वजनिक सूचना जारी गरी प्रदेशभित्रका तुइनहरूको विवरण माग गऱ्यो । असार १० गतेभित्र तुइन रहेको नदीरखोलाको नाम, स्थान, जिल्ला, दूरी र त्यसबाट लाभान्वित जनसंख्यासहितको विवरण पठाउन भनिएको थियो ।

मुख्यमन्त्री कँडेलले आफैं उक्त सूचना सामाजिक सञ्जालमा सार्वजनिक गर्दै लेखेका थिए, ' कर्णालीका ग्रामीण भेगमा मानवीय जोखिम मानिने तुइन प्रयोग भइरहेको सूचनालाई दृष्टिगत गर्दै प्रदेश सरकारको नीति तथा कार्यक्रममार्फत प्रदेशलाई पूर्ण रूपमा तुइनमुक्त गर्ने घोषणा भएको छ ।

सो घोषणा कार्यान्वयन गर्न भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले तुइन विस्थापन अभियान सञ्चालन गर्ने भएको छ । यदि कहींकतै तुइन सञ्चालन भएको जानकारी भए सूचनाअनुसार सम्बन्धित निकायमा जानकारी गराउनुहोला ।'

यो आह्वानपछि मन्त्रालयमा हालसम्म प्रदेशभरबाट ५२ वटा तुइन रहेको विवरण आएका छन् । यसमध्ये सबैभन्दा धेरै हुम्लामा १५ र कालीकोटमा १२ वटा तुइन छन् । जाजरकोटमा १०, सुर्खेतमा ८, डोल्पामा ३, मुगुमा २ र दैलेखमा २ वटा तुइन रहेको निवेदन मन्त्रालयमा दर्ता भएको छ ।

विवरण आउने क्रम अझै जारी रहेकाले यो संख्या बढ्न सक्ने अनुमान छ । उपसचिव तिमिल्सेनाका अनुसार सोमबार मात्रै सल्यानबाट पनि एउटा निवेदन प्राप्त भएको छ ।

'हामीले तोकिएको समयभित्र प्राप्त निवेदनहरूलाई संकलन गरेर एउटा प्रारम्भिक प्रतिवेदन तयार पारेका छौं,' उनले भने, 'उक्त प्रतिवेदन मुख्यमन्त्री कार्यालय र भौतिक पूर्वाधारमन्त्रीज्यूसमक्ष पेस भइसकेको छ ।

उक्त प्रतिवेदनमा बजेट अत्यन्तै न्यून भएकाले यो वर्ष बढीमा ५ देखि ६ वटासम्म मात्रै तुइन विस्थापन गर्न सकिने यथार्थ उल्लेख गरिएको छ । मन्त्रालयका प्रवक्ता रमेश सुवेदीका अनुसार माग गरिएका सबै स्थानमा वास्तविक र अत्यावश्यक तुइन नहुन पनि सक्छन् ।

'माग भएका तुइनहरूको यथार्थता जाँच्न जिल्लास्थित कार्यालयहरूलाई चेकलिस्टसहित प्रमाणीकरणको जिम्मा दिइएको छ,' उनले भने, 'यदि तुइन साँच्चिकै आवश्यक र जोखिमपूर्ण पाइएमा रकमको समस्या हुँदैन । सरकारले स्रोत सुनिश्चित गरेर भए पनि निर्माण प्रक्रिया अघि बढाउँछ ।'

प्राप्त विवरणमाथि मन्त्रालय मातहतका जिल्लास्थित पूर्वाधार विकास कार्यालयहरूले अब स्थलगत अध्ययन गर्नेछन् । ती तुइन कति आवश्यक हुन्, कति जोखिमपूर्ण छन् र कति नागरिक त्यसबाट प्रभावित छन् भन्नेबारे विस्तृत अध्ययन गरिनेछ । यसका लागि सम्बन्धित कार्यालयहरूलाई पत्राचारसमेत गरिसकिएको छ ।

जिल्लाबाट स्थलगत निरीक्षणपछिको यथार्थ प्रतिवेदनका आधारमा मन्त्रालयले कुन ठाउँको तुइन पहिले विस्थापन गर्ने भनेर प्राथमिकता निर्धारण गर्नेछ । त्यसपछि मात्रै झोलुङ्गे पुल निर्माणको प्रक्रिया अगाडि बढ्नेछ । तर प्राथमिकता निर्धारण गर्दा पनि दर्जनौं तुइनहरू तत्काल विस्थापन गर्नुपर्ने सूचीमा पर्ने निश्चित छ ।

यस्तो अवस्थामा १ करोड ५० लाखको बजेटले सरकारको 'तुइनमुक्त कर्णाली' अभियानलाई पूर्णता दिन असम्भवप्राय: रहेको सरोकारवालाहरूको भनाइ छ ।

माथिल्लो कर्णाली घर भएका प्रदेश सरकारका एक कर्मचारी भन्छन्, 'अभियान कतै हात्तीको देखाउने दाँत मात्रै त बन्ने होइन उनका अनुसार कर्णाली नदीको कुनै ठाउँमा झोलुङ्गे पुल बनाउने हो भने ठूलो बजेट आवश्यक पर्छ । सरकारले घोषणा गरेअनुसार बजेट विनियोजन नगरेको उनी बताउँछन् । यसको राम्रो खालका न्युज हेडलाईन बनाईदिनुहोस ।

## अन्तराष्ट्रिय

# ईयुद्वारा १५ प्रतिशत अमेरिकी कर स्वीकार



बेलायत – ईयूको निर्यातमा १५ प्रतिशत कर लगाइने गरी आइतबार संयुक्त राज्य अमेरिका र युरोपेली संघ (ईयू) बीच व्यापार सम्झौता भएको छ । यो सम्झौता ट्रान्सएट्लान्टिक भन्सार शुल्क विवादलाई समाधान गर्न गरिएको हो । यसअघि उक्त भन्सार विवादका कारण अमेरिका र ईयूबीच व्यापारिक युद्ध हुन सक्ने जोखिम देखिएको थियो ।

स्कटल्यान्डस्थित आफ्नै गल्फ रिसोर्टमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनसँग उच्चस्तरीय बैठकमा उक्त सम्झौता गरेपछि त्यसलाई सबैभन्दा ठूलो उपलब्धि भनी टिप्पणी गरेका थिए । युरोपेली सामानमा ३० प्रतिशत अमेरिकी करबाट बच्नका लागि अगस्ट १ को समयसीमा अगावै नेताहरूले करिब एक घण्टामा सम्झौता गरेका थिए ।

'हामीले सम्झौता गरेका छौं, यो सबैका लागि राम्रो हो । यो सायद कुनै पनि क्षेत्रमा गरिएको अहिलेसम्मकै सबैभन्दा ठूलो सम्झौता हो,' ट्रम्पले भने । ट्रम्पका अनुसार १५ प्रतिशतको आधारभूत कर युरोपको महत्त्वपूर्ण अटोमोबाइल क्षेत्र, फर्मास्युटिकल्स र सेमीकन्डक्टरसहित सबैतिर लागू हुनेछ । ट्रम्पले सम्झौताको एक हिस्साका रूपमा २७ सदस्य राष्ट्र रहेको ईयूले संयुक्त राज्य अमेरिकाबाट '७ खर्ब ५० अर्ब डलर मूल्यको ऊर्जा' खरिद गर्न सहमत भएको र ६ खर्ब डलर थप लगानी गर्न सहमत भएको बताए ।

भोन डेर लेयनले रुसी स्रोतहरूबाट टाढा विविधीकरण गर्ने ब्लकको प्रयासको एक भागका रूपमा अमेरिकी तरलीकृत प्राकृतिक ग्यास, तेल र आणविक इन्धनको 'महत्त्वपूर्ण' खरिद तीन वर्षमा हुने बताए । ईयूका २७ देशका तर्फबाट वार्ता गर्दै भोन डेर लेयनले सामान र सेवाहरूमा वार्षिक १९ खर्ब डलरको व्यापारिक सम्बन्ध बचाउन कडा प्रयास गरिरहेको थियो । 'यो राम्रो सम्झौता हो,' ईयू प्रमुखले पत्रकारसँग भनिन्, 'यसले स्थिरता ल्याउनेछ, एट्लान्टिकको दुवै किनाराका हाम्रा व्यवसायका लागि यो धेरै महत्त्वपूर्ण छ ।' उनले विशेष गरी विमान, केही रसायन, कृषि उत्पादन जस्ता रणनीतिक उत्पादनहरू र महत्त्वपूर्ण कच्चा मालमा द्विपक्षीय भन्सार शुल्क छुटमा सहमति भएको बताइन् ।

ट्रम्प दोस्रो कार्यकालका लागि गत जनवरीमा ह्वाइट हाउस छिरेपछि अमेरिका र ईयूबीच भन्सार शुल्कमा निकै धेरै गलफत्ती चलेको थियो । अझै पनि अमेरिकाले ईयू राष्ट्रबाट आउने कारहरूमा २५ प्रतिशत, स्टिल र एल्युमिनियममा ५० प्रतिशत र सम्पूर्ण वस्तुहरूमा १० प्रतिशत भन्सार शुल्क तोकेको छ । जबकि वासिङ्टनले यसलाई बढाएर ३० प्रतिशतसम्म पुऱ्याउने धम्की दिएपछि ईयू अमेरिकासँग भन्सार शुल्कका बारेमा वार्ता गर्न बाध्य भएको हो । ईयूले विमानदेखि मदिरासम्मका महत्त्वपूर्ण उद्योगहरूका लागि भन्सार शुल्क छुटको माग गरिरहेको थियो भने फ्रान्स र जर्मनीका कार, मोटरमा लगाइएको चर्को भन्सारका कारण पहिले नै पीडित थिए ।

**एमसिसिको कार्यक्रम**...

थियो । त्यसैगरी ति एमसिसिको विरोध गरेर दिन कटाउनेहरुका लागि बीचमा विरोध गर्न नपाएर बसीरहेका वेला एमसिसि परियोजनाले निरन्तरता पाउने पत्रको समाचार आएको थाहा पाउने वित्तिक्कै विरोधी समूहहरुलाई मशाला हुने सहजै अनुमान लगाउन सकिन्छ ।

उता अमेरिकाले नेपालमा प्रयोगमा आउन लागेको एपसिसि परियोजना नेपालको भौतिक विकासको लागि भनेर प्रष्ट्याउदै आएको छ । नेपाल कुटनीतिक रुपमा समेत काम गरिसकेका मासिनहरु समेत यस विषयमा भौतिक पूर्वधारको लागि काम हुने भनेर भन्दै आएका छन् । विशेष गरेर एमसिसि परियोजनाले विद्युतिय टान्समिशन लाइन र सडकको क्षेत्रमा काम गर्ने भनेर भन्दै आएको छ ।

**स्थानीय निकाय**...

कुन विषय र मुद्दामा कस्तो कानून आर्कषण हुन्छ भनेर ग्रामीण क्षेत्रका बासिन्दालाई जानकारी भयो भने अपराध न्यूनीकरणमा सहयोग अधिवक्ता गिरीको भनाइ छ ।

ज्यान सम्बन्धी, करणी, विवाह, अपहरण, शरीरबन्धक, बोक्सीको आरोप, छुवाछुत र भेद्भाव सम्बन्धी कानूनी साक्षरता ज्ञान स्थानीय निकायमा आवश्यक रहेको उनले बताए ।

अंश, सम्बन्धविच्छेद, अपुताली, दानबकस, लिखत पारित लगायतको मुद्दाको बारेमा पनि स्थानीय निकायले कानूनी साक्षरताको माध्यमबाट जनतालाई बुझाउनको लागि पनि अभियान आवश्यक रहेको अधिवक्ता गिरीको भनाइ छ ।

अधिवक्ता गिरीले अनलाईन नबिकरण, पत्रकारलाई कोभिड खोपमा प्राथमिकता र तत्कालीन ओली सरकारले ल्याएको नागरिकता बिधयक जस्ता जनसरोकारका मुद्धामा सफलता प्राप्त गरेका छन् ।

कानूनको सिद्धान्तमै कानूनको अज्ञानता क्षम्य नहुने भन्ने ब्यवस्था छ । कसैले कुनै गल्ती गर्यो र मलाई यो थाहा थिएन मैले जानीन भनेर क्षमा पाउँदैन त्यसैले पनि हरेक नेपाली र नेपालमा बस्ने बिदेशीले समेत नेपालको कानूनको बारेमा जानकारी आवश्यक भईरहेकाले कानूनको जानकारी जो सुकैमा हुनुपर्नेमा अधिवत्ता गिरीको जोड छ

अधिवत्ता गिरीले बिभिन्न स्थानीय निकाय, बिधालय, सामुदायिक संघ संस्थाहरुमा कानून सम्बन्धी सचेतना मूलक कार्यक्रम गदै आएका छन् ।

बिभिन्न पत्रपत्रिका तथा संञ्चारमाध्यमबाट नियमित रुपमा कानून सम्बन्धी लेख रचना तथा अर्न्तवार्ताको माध्यमबाट कानूनी शिक्षाको बारेमा जानकारी दिदै आएका छन् ।

मेलमिलाप कर्ता समेत रहेका अधिवत्ता गिरी पछिल्लो समय कानून सम्बन्धी बिबिन्न संघ संस्थाले आयोजना गरेका कार्यक्रममा प्रशिक्षकको रुपमा तालिम दिदै आएका छन् ।

अधिवत्ता गिरीसँग लामो पत्रकारिता गरेको अनुभव पनि छ । उनी पत्रकार महासंघको बिबिन्न तहमा नेतृत्वदायि भूमिका निर्बाह गरेर काम गरेको अनुभव पनि छ ।

अधिबता बिष्णु गिरी, कोरिया जापान थाइल्याण्ड कम्बोडिया, बङलादेश, भारत, चिन लगायत एक दर्जन भन्दा बढी देशको भ्रमण गरेका छन् भने राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको कानून सम्बन्धी तालिम समेत लिएका छन् ।

**हायू परिवार**

पुगेर उनीहरूले आफूहरू ज्यामी काम गर्न आएको भन्दै शरण लिएका थिए ।

उनीहरुलाई खोज्न जिल्ला प्रहरी कार्यालय सिन्धुली, जिल्ला प्रसासन कार्यालय र प्रहरी कार्यालय रामेछापको टोली परिचालित भएका थिए ।

सम्पर्कविहीन भएका उनीहरूको मोबाइलको अन्तिम लोकेशन रामेछापको सिमन्दीछाप भन्ने ठाउँमा देखिएको थियो ।

रामेछापका प्रमुख जिल्ला अधिकारी श्याम कृष्ण थापाको नेतृत्वमा रामेछापमा रहेका हायू समुदायको प्रत्येक घरमा प्रहरी पुगेको थियो ।

रामेछाप नगरपालिका ९ सेलेघाटदेखि रामेछाप बजारसम्म, हराएकी उर्मिलाको माईतीको घरमा समेत प्रहरी पुगेको थियो ।

सिन्धुली र रामेछाप लगायतका विभिन्न स्थानका प्रसासन, स्थानीय जनप्रतिनिधि लाग्दा पनि नभेटिएका उनीहरू पोखरामा भेटिएका थिए ।

# बिक्की र श्रद्धाले फिल्म 'क का कि की' बनाउने






हास्य व्यंग्यमा आधारित चर्चित टेलिभिजन शो 'कमेडी दरबार'को समूहले पहिलो फिल्मको रूपमा 'क का कि की' निर्माण गर्ने भएको छ । सोमबार एक पोस्टर सार्वजनिक गर्दै फिल्म निर्माणको घोषणा गरिएको हो । पोस्टरमा उल्लेख भए अनुसार फिल्मलाई बिक्की अग्रवाल र श्रद्धा प्रसाईंले निर्देशन गर्नेछन् । 'कमेडी दरबार'को निर्देशन गर्दै आइरहेका उनीहरु श्रीमान्–श्रीमती हुन् ।

पोस्टरमा फिल्मका मुख्य चार कलाकार तृप्ति नाडकर, रेखा थापा, गौरी मल्ल र महेश त्रिपाठीलाई देख्न सकिन्छ । यही फिल्मबाट तृप्तिले डेढ दशकपछि कमब्याक गर्न लागेकी हुन् । पोस्टरमा बुढ्यौली गेटअपमा प्रस्तुत भएका तृप्ति र गौरी रेखासँग लडिरहेका देखिन्छन् । महेश भने तनावग्रत भावमा चित्रित छन् । पोस्टरले फिल्म कमेडी जनरामा तयार हुने संकेत गर्छ ।

श्रद्धा प्रसाईं र सुमित्रा थापाले निर्माण गर्ने फिल्ममा 'कमेडी दरबार'का कलाकारहरू मिस पबी, पवन खतिवडा 'म्याकुरी', हिमेश पन्त, सुजता श्रेष्ठ, विश्वास तिमल्सेना, सीडी विजय अधिकारी लगायतको पनि अभिनय रहने जनाइएको छ । सुमन अग्रवालको कन्सेप्ट तथा बिक्की अग्रवालको पटकथा रहेको फिल्मलाई सुदीप बरालले खिच्नेछन् ।

फिल्मको घोषणा गर्दै बिक्कीले आफू संसारकै सबैभन्दा भाग्यमानी व्यक्ति रहेको बताउँदै अग्रजहरूसँग सहकार्य गर्न पाएकोमा खुसी व्यक्त गरेका छन् । उनले फेसबुकमा लेखेका छन्, 'सबैले भन्छन् कि हाम्रो फिल्म अरूभन्दा फरक छ, तर यो फिल्मले कमेडीको फरक स्वाद अवश्य दिन्छ भन्ने दृढ आशा छ ।' उनका अनुसार असोज १७ गतेबाट फिल्मको छायांकन सुरू गरिनेछ ।

# "माग्ने राजा" फिल्मको गीत सार्वजनिक



काठमाडौं- केदार घिमिरे (माग्ने बुढा) अभिनीत फिल्म "माग्ने राजा" को नयाँ गीत सार्वजनिक गरिएको छ । निर्माण टिमले सोमबार "सुतेर उठेको पैसामा" शीर्षकको गीत युट्युबमा रिलिज गरेको हो ।

गीतमा बाबुल गिरीले आवाज दिएका छन् । शब्द तथा संगीत पनि उनकै रहेको गीतमा बाबुलका साथमा रोनिश खड्काको बाल गायन समेत सुन्न सकिन्छ ।

फिल्मका मुख्य कलाकार केदार घिमिरेलाई केन्द्रमा राखेर तयार भिडिओलाई गम्भिर विष्टले कोरियोग्राफी गरेका छन् । ऋषि लामिछानेको निर्देशनमा बनेको "माग्ने राजा" को प्रस्तुतकर्ता मुनाल घिमिरे हुन् ।

आरम्भ प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्ममा केदारसहित वर्षा सिवाकोटी, विल्सनविक्रम राई, शिशिर वाङ्देल, शारदा गिरी, राधिका कंडेल, पवित्रा साँकी (मिस पबी) लगायत कलाकारहरूको अभिनय छ । सामीप्यराज तिमल्सेनाको लेखन रहेको फिल्ममा नरेन्द्र मैनालीको डिओपी, मित्र डि. गुरूङको सम्पादन छ ।

# टिकटकर आयुष हिरो बन्दै, 'राम नाम सत्य'मा अनुबन्ध



चर्चित टिकटकर आयुष सिंह ठकुरी अब फिल्मको हिरो बन्ने भएका छन् । उनले कोरियोग्राफर माइकल चन्दको निर्देशनमा बन्न लागेको एक्सन फिल्म 'राम नाम सत्य'बाट डेब्यु गर्न लागेका हुन् । उनलाई सोमबार निर्माण पक्षले फिल्ममा अनुबन्ध गरेको हो ।

फिल्म साइन गरेपछि आयुषले सञ्चारकर्मीसँग भने, 'मलाई थुप्रै फिल्मको अफर आइरहेको छ । तर, मैले 'राम नाम सत्य'को कथा सुनेपछि यही फिल्मबाट डेब्यू गर्ने निर्णय लिएको हुँ । यो फिल्मको कथा र मेरो भूमिका पावरफूल छ । यसैले साइन गरेको हुँ ।' उनले यसअघि केही म्यूजिक भिडियोमा काम गरिसकेका छन् ।

निर्देशक चन्दका अनुसार आयुषले फिल्मका लागि यतिबेला एक्सनको तालिम लिइरहेका छन् । उनले चाँडै अभिनयको कोर्स पनि सुरु गर्ने चन्दले बताए । फिल्ममा यसअघि विराज भट्ट, सुशील श्रेष्ठ, दिव्या रायमाझी, सुपुष्पा भट्ट, अर्पण थापा, सुनिल थापा, दिनेश डिसी, रवि गिरी लगायतका कलाकारहरु अनुबन्ध भइसकेका छन् ।

उपेन्द्र शाही र स्वेता विमली निर्माता रहेको फिल्ममा किशोर भट्ट र डाक्टर डीआर उपाध्याय सह-निर्माताको रुपमा छन् । चितवन र काठमाडौंमा खिचिने फिल्ममा संजय लामाको डीओपी तथा अर्जुन पोखरेल र बाबुल गिरीको संगीत रहनेछ ।

स्तनपान गराऔं, बालस्वास्थ्यमा सुधार गरौं ।

- शिशु जन्मिएपछि जतिसक्दो चाँडो (१ घण्टाभित्र) आमाको (बिगौती ) दुध खुवाऔं,
- जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दुधमात्र खुवाऔं,
- ६ महिना पुरा भएपछि उमेर अनुसार पूरक खानाका साथै कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराऔं,
- आमाको दुध शिशुको लागि अमृत समान हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमतालाई बढाउँछ,
- स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिमलाई कम गर्दछ,
- चिकित्सकको सल्लाह बिना शिशुलाई आमाको दुध बाहेक अन्य कुनै किसिमको दुध नखुवाऔं,
- सकेसम्म दुधदानी वा बोतलको दुध प्रयोग नगरौं,
- स्तनपान सम्बन्धी उचित परामर्श तथा थप जानकारीका लागि नजिकैको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्पर्क गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

नेपाल सरकार
विज्ञापन बोर्ड

# फिल्म "कोशेढुंगा" को तीज गीत सार्वजनिक



काठमाडौं- फिल्म"कोशेढुंगा" को पहिलो गीत सार्वजनिक गरिएको छ ।

निर्माणपक्षले सोमबार काठमाडौंमा एक कार्यक्रमकाबीच नत्र भने जिन्दगी व्यर्थ छ बोलको तीज गीत सार्वजनिक गरेको हो । यो गीतमा समीक्षा अधिकारी, खेम सेञ्चुरी र दिपीका वयम्बु मगरको स्वर छ । गीतको शब्द नेत्र अर्यालको हो । हुकलाइन र संगीत खेम सेन्चुरीको छ ।

भिडिओमा फिल्मका कलाकारहरू सुरक्षा पन्त, नीति शाह, ऋचा शर्मा, मञ्जिल कुमार, दिनेश काफ्ले, स्नेहा जोशी लगायतको अभिनय छ । यो भिडिओको नृत्य निर्देशक स्मृति तिमिल्सिना हुन् ।

'कोशेढुंगा' सर्वाधिक व्यापार गर्ने फिल्म "पूर्णबहादुरको सारंगी" का निर्देशक सरोज पौडेलको नयाँ फिल्म हो । नरदेवी फिल्मस् प्रा ।लिको प्रस्तुति रहेको फिल्ममा आर्यन सिग्देल, प्रवीण खतिवडा, सरोज खनाल, लोकमणि सापकोटा, हिउँवाला गौतम लगायत कलाकारहरूको समेत अभिनय छ ।

सारंगी फिल्मस्सँगको सहकार्य रहेको कोशेढुंगाको निर्माता निर्मातामा प्रेविल कँडेल र किशोर अनुराग हुन् । कार्यकारी निर्मातामा दिनेश खड्का छन् । बाबु श्रेष्ठले छायांकन रहेको फिल्ममा नहकुल खड्काको सम्पादन छ ।

# चलचित्र 'चिट्ठी'को पोस्टर सार्वजनिक




काठमाडौं- भदौ २० गते अर्थात सेप्टेम्बर ५, २०२५ देखि देशव्यापी रुपमा प्रदर्शनमा आउन लागेको माधब राज खरेल निर्देशित बहुप्रतिक्षित चलचित्र 'चिट्ठी' को पोष्टर सार्वजानिक गरिएको छ ।

एरा प्रोडक्सनको ब्यानरमा निर्माण भएको र कुवेर डिष्टिव्युटर्स प्रा.लि.ले वितरण गर्न लागेको कमेडी तथा हरर जनराको चलचित्रको स्थिर पोटरको साथै मोसन पोस्टरपनि निर्माण पक्षले सार्वजनिक गरेको छ ।

चलचित्र 'चिट्ठी' यथार्थपरक हाँस्य, सामाजिक व्यङ्ग्य र सस्पेन्सपूर्ण घटनाक्रमको संगम रुपमा चित्रण गरिएको निर्माण पक्षले बताएको छ । चलचित्रले आजको डिजिटल समाज, सामाजिक सम्बन्धहरू र सूचनाको दुरुपयोग जस्ता मुद्दाहरूलाई रोचक तरिकाले उठान गरेको छ ।

"हामीले दर्शकलाई हसाउँदै सोच्न बाध्य पार्ने कथा ल्याएका छौं," खरेल भन्छन् । सार्वजनिक मोसन पोस्टरमा चलचित्रको रहस्य, डर र हाँस्यको फ्युजन स्पष्ट झल्किन्छ । डार्करंग संयोजन, रहस्यमयी अभिव्यक्ति र पात्रहरूको सशक्त उपस्थिति देखिएको पोस्टरले दर्शकमाझ उत्सुकता थप बढाउने निश्चय छ ।

चलचित्रमा अर्गानिक कमेडियन खड्ग बहादुर पुन मगर खबपु, संजीत भण्डारी, गोपाल ढकाल छन्दे, नबराज थापा, प्रबण भुषाल, मुस्कान लामा, कञ्चन चालिसे, मोहन निरौला, शान्तिप्रिय, श्रीदेव भट्टराई, नम्रता खरेल, राजन थापा, रश्मी भट्ट, मुना निरौला, कवीन्द्र त्रिपाठी, पुरुषोत्तम सानु, सोमा खत्री, प्रल्हाद खरेल, डेभिल सिंह राजपुत, समिर लामा, राजु कार्की, रज्जु गुरुङ लगायतका कलाकारहरुको अभिनय देख्सकिन्छ ।

संचारकर्मी कमला जोशी निर्माता रहेको चलचित्र 'चिट्ठी'लाई जीवन पराजुली र राजन खरेलले खिचेका हुन् भने राजेश कुमारको सम्पादन तथा समिर मिँयाको भिएफएक्स रहेको छ । चलचित्रमा डा । कृष्णहरि बराल र कमला जोशीको गीत रहेको छ भने शिव परियार, बनिषा पौडेल र बसन्त अर्यालको स्वर रहेको उक्त चलचित्रमा सरोज कोईरालाको संगीत रहेको छ साथमा चलचित्रमा रहेको शिवताण्डव गीतको संयोजन भने राजेन्द्र बजगाईले गरेका छन् ।

त्यसै गरी किरण दाहालको दन्द्ध निर्देशन रहेको उक्त चलचित्रको ब्याकराउण्ड म्यूजिक पुस्कर खत्रीको रहेको छ भने ध्वनी सम्पादन र मिश्रण क्रमशः मनोज परियार र अमित श्रेष्ठले गरेका हुन् । प्रचारप्रसारमा विशेष सक्रियता देखाउँदै निर्माण पक्षले ' चिट्ठी'लाई दर्शकमाझ फरक स्वादको चलचित्रको रूपमा प्रस्तुत गर्ने लक्ष्य लिएकोछ ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१७, अंक- २,
२०८२ साल साउन १३ गते मंगलबार
29 JULY 2025, TUESDAY

# ड्राइभिङ सेन्टरका प्रशिक्षकलाई ईभी सञ्चालन सम्बन्धी तालिम




काठमाडौं- भीजी मोटर्सले विद्युतीय सवारी साधन (ईभी) को दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यका साथ प्रशिक्षकहरुको प्रशिक्षण (ट्रेनिङ अफ ट्रेनर्स-टीओटी) सम्पन्न गरेको छ ।

पहिलो चरणमा कम्पनीले साउन १० गते शनिबार काभ्रेको बनेपामा रहेको संयुक्त ड्राइभिङ ट्रायल सेन्टरमा ड्राइभिङ सेन्टरका प्रशिक्षकहरूलाई तालिम दिएको हो । उक्त कार्यक्रममा सातै प्रदेशबाट आमन्त्रित ४५ जना अनुभवी चालक प्रशिक्षकहरू सहभागी रहेको कम्पनीले जनाएको छ ।

तालिम भीजी मोटर्सको सामाजिक उत्तरदायित्वअन्तर्गत सञ्चालन गरिएको हो । यसको मुख्य उद्देश्य विद्यालय तथा सार्वजनिक सवारी चालकहरुलाई दीर्घकालीन रूपमा सुरक्षित, सचेत र जिम्मेवार तरिकाले विद्युतीय गाडी चलाउने बनाउनु रहेको छ ।

तालिमका सहभागीलाई ईभीको प्रविधि र यसलाई चलाउने शैलीबारे सैद्धान्तिक र व्यावहारिक ज्ञान दिइएको भीजी मोटर्सले जनाएको छ । उनीहरुलाई ईभीको सुरक्षित सञ्चालन, शैक्षिक संस्थाका र सार्वजनिक सवारी साधनको सुरक्षामा आवश्यक सावधानी तथा व्यावहारिक सीपसम्बन्धी प्रशिक्षण दिइएको थियो ।

उक्त तालिममा ईभीको तत्काल उत्पन्न हुने गति क्ष्लकतबलत त्यचत्रगभ) र आकस्मिक तीव्र गति नियन्त्रण, उकालो-ओरालोमा रिजेनेरेटिभ ब्रेकिङको प्रयोग, साइलेन्ट अपरेसन (SOC, Power Meter, Turtle Mode) का कारण देखिने जोखिम र सजगताका उपाय, स्टेरिङ र ब्रेकिङको संवेदनशीलता सम्हाल्ने व्यावहारिक अभ्यास लगायत ज्ञान दिइएको छ । यस्तै, ड्यासबोर्डका संकेतहरू-- एसओसी, पावर मोटर, टर्टल मोड (क्द्गत्र, एयधभच :भतभच, त्ताचतभि :यमभ) आदि बुझ्ने तरिका पनि सिकाइएको छ ।

बनेपामा आयोजित तालिम देश विदेशमा अध्ययन र अनुभव प्राप्त प्रशिक्षकद्वारा दिइएको थियो । तालिमका सम्बन्धमा यस तालिमका मुख्य प्रशिक्षक एवं भीजी मोटर्सका अनुसन्धान तथा विकास विभाग प्रमुख सम्राट गौतम भन्छन्, 'हामी ईभी बेच्ने मात्र होइन, यसको सुरक्षित प्रयोग सुनिश्चित गर्ने अभियानको पनि नेतृत्व गर्न चाहन्छौं । यी प्रशिक्षकहरूमार्फत अब विद्यालय र सार्वजनिक गाडीका चालकहरूलाई देशैभर प्रशिक्षित गर्न सकिनेछ ।' गौतमले फिनल्यान्डबाट मेकाट्रोनिक्स इन्जिनियरिङ विषयमा विशेषज्ञता हासिल गरेका छन् ।

उक्त कार्यक्रममा भिजि मोटर्सका प्रमुख कार्यकारी अधिकृत विवेक बिजुक्छेले यो पहिलो चरणको तालिम रहेको र भविष्यमा दोस्रो चरणको तालिम पनि आयोजना गरिने बताए । उनले भने, 'हामी यो सीपलाई ड्राइभिङ इन्स्टिच्युटमार्फत अन्तिम प्रयोगकर्तासम्म पुऱ्याउन चाहन्छौं, ताकि व्यावसायिक सवारीको सुरक्षित प्रयोग सुनिश्चित होस् । यस्तो सवारी सही ढंगले नचलाइएमा चालक, यात्रु र तिनका परिवारलाई समेत जोखिममा पार्न सक्छ ।'

भीजी मोटर्सले यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै ईभी सुरक्षालाई आधारभूत शिक्षा प्रणालीमा समावेश गर्न र प्रशिक्षकहरूको क्षमता अभिवृद्धिमा योगदान पुऱ्याउने योजना अगाडि सारेको छ । भीजी मोटर्सले आगामी हप्ताहरूमा स्थानीय चालक प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्न प्रशिक्षकहरूसँग समन्वय गरी प्राविधिक सामग्रीहरु तथा आवश्यक सहयोग प्रदान गर्ने प्रतिबद्धता जनाएको छ ।

भिजि मोटर्सले नेपाली बजारमा विद्युतीय माइक्रोबस एसआरएम र जोयलङका गाडीहरू बिक्री गर्दै आएको छ, जुन सार्वजनिक रुट तथा विद्यालयहरूमा धेरै प्रयोग हुने गरेका छन् ।

वातावरण अनुकूलता, भन्सार र अन्य करमा सहुलियतका साथै सञ्चालन खर्च धेरै कम लाग्ने भएकाले ईभीको प्रयोग बढ्दो छ । तर, ईभी प्रविधिसँग तालमेल गर्न नसक्दा दुर्घटनाको जोखिम पनि बढिरहेको छ । ईभी प्रविधि आफैंले दुर्घटना नगराए पनि यो प्रविधिलाई राम्ररी नबुझ्दा दुर्घटनाको सम्भावना धेरै हुने भएकाले तालिम जरुरी हुने कम्पनीको भनाइ छ ।

यही आवश्यकतालाई सम्बोधन गर्न भीजी मोटर्सले ट्रेनिङ्ग आयोजना गरेको हो । कार्यक्रमको समापनमा सहभागीहरूलाई प्रमाणपत्र प्रदान गर्नुका साथै विगतमा यस क्षेत्रको सीप विकासमा योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो ।

तालिममा सहभागी प्रशिक्षकहरूलाई बनेपामा एक रातको बसोबास, भोजन, यातायात तथा प्रायोगिक अभ्यास सहितको पूर्ण तालिम प्याकेज प्रदान गरिएको थियो । पहिलो चरणमा तालिम लिएका ड्राइभिङ इन्स्टिच्युटका प्रशिक्षकहरूले दोस्रो चरणमा सार्वजनिक सवारी साधन चलाउने चालकहरूलाई प्रशिक्षण दिनेछन् ।

# टिकटक बन्यो मिस नेपाल २०२५ को मनोरञ्जन पार्टनर

काठमाडौं- टिकटकले नेपालको प्रतिष्ठित सौन्दर्य प्रतियोगिता मिस नेपाल २०२५ मा यसको एकमात्र मनोरञ्जन पार्टनरको रूपमा रहनेगरी आधिकारिक साझेदारीको घोषणा गरेको छ ।

यस सहकार्यले स्थानीय प्रतिभालाई सशक्त पार्ने, सांस्कृतिक पहिचानको संरक्षण र प्रोत्साहन गर्ने र नेपाली युवाहरूको आवाजलाई अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याउने टिकटकको प्रतिबद्धतालाई अझ स्पष्ट बनाएको छ ।

प्रत्येक वर्ष आयोजना हुने मिस नेपाल, नेपालको प्रमुख राष्ट्रिय सौन्दर्य प्रतियोगिता हो, जसले नेपाली महिलाहरूको नेतृत्व विकास, आत्मविश्वास र अन्तर्राष्ट्रिय पहिचानलाई अगाडि बढाउने अवसर प्रदान गर्दछ । यस सहकार्यमार्फत, टिकटकले यस वर्षका प्रतियोगीहरूका शशक्त कथा, तयारीका क्षणहरू र सिर्जनात्मक अभिव्यक्तिहरूलाई प्रस्तुत गर्दै आफ्नो प्लेटफर्ममा नेपाली समुदायलाई सक्रिय रूपमा संलग्न गराउनेछ ।

यो सहकार्य १ जुलाईदेखि १५ सेप्टेम्बर २०२५ सम्म चल्नेछ, जसअन्तर्गत मिस नेपालको एक्सक्लुसिव ब्याकस्टेज मोमेन्ट्सदेखि रेड कार्पेटका झलकहरूसम्मका सम्पूर्ण गतिविधि टिकटकमा एकीकृत गरिनेछ । मिस नेपाल २०२५ लाई आधिकारिक ह्यासट्याग३ःष्ककल्भउर्बा मार्फत टिकटकमा प्रवर्द्धन गरिनेछ जसले कन्टेन्ट डिस्कभरी र राष्ट्रव्यापी सहभागितालाई बढावा दिनेछ ।

"मिस नेपालसँगको यो सहकार्य हाम्रो निरन्तर प्रयासको हिस्सा हो, जसले स्थानीय प्रतिभालाई उजागर गर्न र समुदायका कथाहरूलाई सिर्जनात्मक, समावेशी र प्रेरणादायी तरिकाले प्रस्तुत गर्न मद्दत गर्दछ," टिकटकका दक्षिण एशियाका लागि कन्टेन्ट अपरेशन्स लिड उमाइस नविदले भने, "नेपालको सबैभन्दा प्रतिष्ठित सौन्दर्य प्रतियोगिताको मनोरञ्जन पार्टनर बन्दै हामी देशको सांस्कृतिक र सिर्जनात्मक इकोसिस्टममा हाम्रो भूमिकालाई गहन बनाउँदैछौं र नेपाली आवाजलाई स्थानीय तथा अन्तर्राष्ट्रिय स्तरमा चम्किन मञ्च पनि प्रदान गर्दैछौं ।"


मिस नेपाल एक्सपिरियन्समा टिकटक क्रिएटरहरूलाई पनि विशेष पहुँच दिइनेछ, जसअन्तर्गत उनीहरूले बिहाइन्ड- द-सीन कन्टेन्ट र कल्चरल कोलाबोरेसनहरू सिर्जना गर्नेछन्, जसले प्रतियोगीका कथाहरूलाई अझ व्यापक




दर्शकसम्म पुऱ्याउनेछ र अभियानको पहुँचलाई बढाउनेछ ।

"हामी मिस नेपाल २०२५ का लागि टिकटकलाई आफ्नो एकमात्र मनोरञ्जन पार्टनरको रूपमा स्वागत गर्न पाउँदा रोमाञ्चित छौं । यो सहकार्यले विशेषगरी हाम्रो प्लेटफर्म र टिकटक दुवैको केन्द्रमा रहेका युवापुस्तालाई मिस नेपालको अनुभव अझ नजिकबाट नियाल्न मद्दत गर्नेछ । हामीले यस वर्षका प्रतियोगीहरूको विविधता, सिर्जनशीलता र सपनालाई नयाँ र आकर्षक तरिकामा सेलिब्रेट गर्न सँगै अघि बढ्ने विश्वास लिएका छौं," मिस नेपालको आयोजक संस्था द हिडन ट्रेजरका अध्यक्ष अजय रत्न स्थापितले भने ।

यो सहकार्यले प्रतियोगीहरूको यात्रालाई दर्शकहरूसम्म अझ नजिक ल्याउने र इन्टरेक्टिभ कन्टेन्ट तथा क्रिएटर-लेड प्रस्तुतिहरू मार्फत व्यापक सहभागितालाई आमन्त्रित गर्नेछ । एक्सक्लुसिव भिडियोहरू आधिकारिक टिकटक अकाउन्टमा उत्पादन र प्रकाशित गरिनेछन्, जसले यस अभियानभर फ्यान र फलोअरहरूका लागि टिकटक मुख्य डिजिटल डेस्टिनेसन बन्नेछ ।




# डीपलको कम्प्याक्ट एसयुभी एस०५ नेपाल भित्रियो



काठमाडौं- चिनियाँ गाडी चांगनको डीपलको किफायती एसयुभी एस०५ नेपाल भित्रिएको छ ।

चांगन डीपलको नेपालका लागि आधिकारिक बिक्रेता एमएडब्लु वृद्धि अटोकर्पले चौथो मोडलका रुपमा चांगन डीपल एस०५ नेपाल भित्र्याएको हो । यसलाई नाडा अटो शोमा शोकेस गरिनेछ ।

यो गाडी कम्पनीले डीपलको अहिले नेपालमा उपलब्धभन्दा कम मूल्यमा ल्याएको हो । केही दिन अगाडि मात्रै कम्पनीले यसको अधिकतम खुद्रा मुल्य सावर्जनिक गरेको थियो ।

डिपल एस०५ का ३ वटा भेरियन्ट नेपाल ल्याइएको छ । डिपल एस०५ लाइटको मूल्य ६२ लाख ९९ हजार, एस०५ प्लसको मूल्य ६५ लाख ९९ हजार र एस०५ म्याक्सको मूल्य ६७ लाख ९९ हजार रुपैयाँ तोकिएको छ ।

यसमा ९९ किलोवाट क्षमताको मोटर छ । कम्पनीका अनुसार यो मूल्य गाडी बिक्री गर्ने समयमा थपघट हुन सक्नेछ ।

चांगन डिपल एस ०५ एक कम्प्याक्ट एसयूभी हो । यसको डिजाइन आधुनिक र आकर्षक छ । यसमा स्लिम हेडलाइट, आकर्षक फ्रन्ट ग्रिल र बोल्ड लाइन छन् जसले गाडीलाई स्पोर्टी लुक्स दिएको छ ।

डीपलले पनि विभिन्न मोडलका इभीहरू नेपालमा ल्याउने र बिक्री गरिरहेको छ । कम्पनीको पहिलो मोडल डिपल एस०७ बजारमा राम्रो पकड बनाउन सफल ब्रान्ड हो । कम्पनीले अहिले ३ वटा मोडल नेपाली बजारमा बिक्री गरिरहेको रहेको छ ।

गाडीको भित्री भाग पनि आधुनिक र सुविधाजनक छ । यसमा ठूलो टचस्क्रिन इन्फोटेनमेन्ट सिस्टम, डिजिटल इन्स्ट्रुमेन्ट क्लस्टर लगायत धेरै फिचर छन् । गाडीमा डिपल फोरके इन्टेलिजेन्ट क्यामेरा राखिएको छ जसमा ६४ जीबी स्टोरेज छ ।

यस्तै १४ वटा स्पिकर भएको साउन्ड सिस्टम र पानोरमिक रुफ छ । गाडीमा सिंगल सेन्ट्रल १५.४ इन्चको २.५ के कन्ट्रोल स्क्रिन सेटअप छ । यसमा डी आकारको स्टेरिङ ह्वील छ । तर इन्स्ट्रुमेन्ट डिस्प्ले छैन । चालकका लागि भने हेड-अप- डिस्प्ले छ । यस्तै अटो पार्किङ सुविधा पनि गाडीमा उपलब्ध छ ।

लामो दूरीको यात्राको लागि उपयुक्त हुने गरी चांगन डिपल एस ०५ मा ठूलो ब्याट्री राखिएको छ । ५६.१२ किलोवाट आवर(युनिट) क्षमताको लिथियम आयोन फोसफेट ब्याट्रीले एक पटकको फुल चार्जमा ५१० किलोमिटर रेन्ज प्रदान गर्छ । गाडीमा १७५ किलोवाटको मोटर पावर छ जसले ३२० एनएम टर्क उत्पादन गर्न सक्छ ।

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कम्प्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौं, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार